# धुनिवेशी नगरपालिकाका नगर प्रमुख श्री बालकृष्ण आचार्यज्यू ले १७ औं नगरसभामा प्रस्तुत गर्नु भएको आ.व.२०८२।८३ को नीति तथा कार्यक्रमहरू

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

१) **"धुनिवेशी नगरपालिकाको सम्वृद्धिको आधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र व्यापार सहितको पुर्वाधार"** भन्ने नारा एवं दिर्घकालिन सोचलाई निरन्तरता दिई नगरको विकास र नगरवासीको सेवामा समर्पित भई निरन्तर रुपमा अगाडी बढ्दै आजको यस ऐतिहासिक १७ औं सम्मानित नगरसभामा सहभागी हुनुहुने नगरसभाका सम्पुर्ण सदस्यज्यूहरुलाई हार्दिक स्वागत गर्दछु ।

२) धुनिवेशी नगरपालिकाको आ.व.२०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष पेश गर्न पाउँदा मलाई हर्ष र गौरवको अनुभूति भएको छ । यस अवसरमा स्थानीय तह सदस्य पदको निर्वाचनमा नगर प्रमुखको हैसियतमा विश्वासका साथ दोस्रो कार्यकालका लागि निर्वाचित गरी हाल सम्म जिम्मेवारी प्रदान गर्नुहुने सार्वभौमसत्ता सम्पन्न आदरणीय नगरवासी आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरुमा कृतज्ञता सहित हार्दिक आभार व्यक्त गर्दै प्रस्तावित नीति, कार्यक्रम तथा बजेट निरन्तरताको दस्तावेज मात्र नभई धुनिवेशी नगरवासीको आकांक्षाको प्रतिक बनोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

(३) सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, स्वशासन, नेपाल राष्ट्रको रक्षा एवम् इतिहासका सबै कालखण्डमा भएका राजनैतिक आन्दोलन एवम् सार्वभौमसत्ता, स्वाधिनता, राष्ट्रिय हित र स्वाभिमान, लैङ्गिक समानता, सामाजिक न्याय, अग्रगमन, सामाजिक समावेशीकरण लगायत आर्थिक, सामाजिक, साँस्कृतिक परिवर्तन, विकास र रुपान्तरणका लागि भएका आन्दोलन एवम् क्रान्तिमा सकारात्मक योगदान पुऱ्याउनुभएका सम्पुर्ण वीर पुर्खा एवम् योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु । साथै बलिदानीपुर्ण संघर्ष एवम् सकारात्मक परिवर्तनको महाअभियानमा संलग्न भई सहादत प्राप्त गर्नुहुने ज्ञात अज्ञात अमर सहिदहरु प्रति उच्च सम्मान व्यक्त गर्दै भावपुर्ण श्रद्धा सुमन अर्पण गर्दछु । आन्दोलनका क्रममा घाइते तथा अपाङ्गगता भएका योद्धाहरु प्रति उच्च सम्मानका साथ शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

(४) दिगो विकासको अवधारणालाई आत्मसात गर्दै स्थानीय स्रोत, साधन र प्रविधिको उच्चतम प्रयोगका साथ अर्थतन्त्रमा दिगो वृद्धि हाँसिल गरी नगरपालिकामा समतामुलक र समावेशी समाजको निर्माण गर्दै नगरवासीको जिवनस्तरमा सुधार ल्याउने लक्ष्यका साथ आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरणको माध्यमबाट सामाजिक न्याय सहित 'सम्वृद्ध धुनिवेशी सुखी नगरवासी'को आकांक्षालाई मुर्त रुप दिनका लागी सहमती, सहकार्य र एकताको माध्यमबाट हातेमालो गरी अगाडी बढ्न हार्दिक अपिल गर्दछु ।

५) उपलब्ध स्रोत, साधनको सिमा भित्र रहेर नगरवासीले अपेक्षा गरेअनुरुप परिवर्तन महशुस हुने गरी महत्वपुर्ण र रुपन्तरणकारी योजना तथा कार्यक्रमहरु संचालन गरी कतिपय योजनाहरु सम्पन्न भईसकेको र कतिपय योजनाहरु सम्पन्न हुने चरणमा पुगेका छन् भने स्थानीय सरकारको नेतृत्वदायी भूमिका र संघीय एवं प्रदेश सरकारको समन्वय सहजीकरण तथा वित्तिय लगानीमा तत्कालिन र दिर्घकालिन महत्वका आयोजनाहरु यस नगरक्षेत्रमा संचालन भई निर्माण सम्पन्न हुने चरणमा पुगेको सर्वविदितै छ ।

६) समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय दिगो सोच एवम् लक्ष्यलाई स्थानीयकरण गर्दै नेपालको संविधान, सोह्रौं योजना, दिगो बिकासका लक्ष्यहरु, सङ्घीय सरकार र बागमती प्रदेश सरकारको बजेट, नीति तथा कार्यक्रमहरु, धुनिवेशी नगरपालिकाको आवधिक योजना, धुनिवेशी नगरपालिकाको मध्यमकालिन खर्च संरचना, निर्वाचनका वखत् जनताका विचमा प्रस्तुत गरिएको घोषणा पत्र, नगरवासी सामु व्यक्त गरिएका प्रतिवद्धता, नगरको आवश्यकता, संभावना, अवसर, चुनौति, स्रोत साधन परिचालन गर्न सक्ने क्षमता, स्रोत साधनको उपलब्धता समेतलाई आधार बनाई धुनिवेशी नगरपालिकाको नगर प्रमुख एवम् स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको संयोजकको हैसियतमा गत आर्थिक वर्षको आषाढ १० गतेको गरिमामय १५औं नगरसभामा चालू आ.व. २०८१।०८२ का लागी नीति, कार्यक्रम तथा बजेट पेश गरी नगरसभाले स्विकृत गरेका नीति तथा कार्यक्रमबाट प्राप्त मार्गनिर्देशन र बजेटको कार्यान्वयनबाट प्राप्त उपलब्धिको समिक्षा गर्दै आगामी आ.व.

२०८२।०८३ का लागी नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि प्रस्ताव गरेको छु । परिवर्तित परिवेश धुनिवेशी नगरवासीको उत्कट चाहाना र समयक्रम अनुरुपको आवश्यकतालाई सम्वोधन गर्ने लक्ष्य राखी तयार गरिएको यस नीति तथा कार्यक्रमले समग्रतामा संस्थागत संरचनाको पुर्णता, पुर्वाधार निर्माण एवं विकास, औद्योगिकरण र सुशासन युक्त नगर निर्माण गर्ने कार्यमा सघाउ पुऱ्याउने छ भन्ने आशा एवं विश्वास लिएको छु ।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

(७) गत वर्षको आश्विन १२ र १३ गतेको अविरल वर्षाका कारण बाढीपहिरोजन्य विपद् आई देशभरी नै ठूलो मात्रामा धन जनको क्षति भएकोमा धुनिवेशी नगरपालिका समेत बाढीपहिरोजन्य विपद्बाट अछुतो रहन सकेन् । नगर क्षेत्र भित्र पर्ने त्रिभुवन राजपथ, पृथ्वी राजमार्ग तथा धार्के सितापाईला वैकल्पिक राजमार्गमा ठूलो क्षति भयो । मोटरगाडीहरु पहिरोमा पुरिए, सवारी एवं ढुवानीका साधनहरु ठाउँका ठाउँ रोकिए । कैयौं यात्रुहरुले ज्यानै गुमाए सयौं यात्रुहरु अलपत्रमा परे, नगर क्षेत्र भित्र भएका यस खालका दुखद् घटनाहरुलाई नजर अन्दाज नगरी नैतिक धरातललाई स्वखलित हुनबाट बचाई नगर प्रमुखको हैसियतमा अन्य जनप्रतिनिधि साथीहरुसमेतको सक्रियतामा अवरुद्ध सडक खुलाउने र अलपत्र अवस्थामा रहेका यात्रुहरुलाई उद्धार गरी गन्तव्यमा पुऱ्याउने कार्य गर्दाको क्षणलाई स्मरण गर्दै विपद्जन्य घटनाका कारण अवरुद्ध हुन गएको खानेपानी, सिंचाई र पुर्वाधारको क्षेत्रलाई प्राथमिकतामा राखी सुचारु गर्न र विपद्बाट प्रभावित भएका घर परिवार एवं विपद्जन्य अन्य घटना र क्षतिको विवरण संकलन गरी उद्धार, राहत, पुर्नस्थापना एवं पुर्ननिर्माणमा खटिने तथा सदिच्छा राखी सहयोग पुऱ्याउने जनप्रतिनिधि एवं नगरवासीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

(८) समग्र रुपमा नगरक्षेत्रको विकासको लागि सम्भावनाको खोजी गर्दै दिगो रुपमा भौतिक पूर्वाधार निर्माण, विकास र विस्तारमा जोड दिदै संस्थागत संरचना निर्माणलाई प्राथमिकतामा राखि संरचना निर्माणलाई पुर्णता दिने कार्यलाई निरन्तरता दिँदै पूर्वाधार विकास, सामाजिक तथा आर्थिक विकासका साथै शासकीय सुधार, सुशासन प्रवर्धन, संस्थागत विकास लगाएतका समग्र क्षेत्रहरुलाई समेट्दै समुन्नत नगर निर्माणको अभियानलाई निरन्तर रुपमा अगाडी बढाएका छौं ।

(९) शासकीय सुधार एवं सुशासन सवलीकरण र आन्तरिक सुशासनको विकास र विस्तार प्रभावकारी कार्यान्वयन, शिक्षा स्वास्थ्य रोजगारी उद्यमशिलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पुर्वाधार विकास, खानेपानी तथा सरसफाई, विपद् व्यवस्थापन, न्याय निरुपण, मानव अधिकार र मानव संशाधनको क्षेत्रलाई प्राथमिकतामा राखी उक्त क्षेत्रसँग सम्बन्धित विषयगत शाखा र वडा कार्यालयको क्षमता विकास, स्रोत साधनमा वृद्धि, प्रणालीगत संरचनाको विकास, विस्तार एवं सुधारमा जोड दिएका छौं । राजनैतिक दल, नागरिक समाज, वुद्धिजिवी, संघ संस्था, उद्योगी, व्यापारी, मिडियाकर्मी एवं पौरखी कृषकहरुबाट प्राप्त राय, सल्लाह, सुझाव एवं हाल सम्म प्राप्त भएका उपलब्धीहरुको जगमा टेकेर क्रमागत योजना तथा कार्यक्रमलाई निरन्तरता दिँदै, अपुर्ण कार्यलाई पुर्णता दिई समग्र रुपमा धुनिवेशी नगरक्षेत्रमा रहेका ऐतिहासिक, पौराणिक, धार्मिक, साँस्कृतिक स्थान तथा पर्यटकीय दृष्टिले महत्वपुर्ण स्थलहरुको पहिचान, संरक्षण, सम्वर्धन, पुर्ननिर्माण एवं प्रचार-प्रसार गर्दै साँस्कृतिक, आर्थिक, सामाजिक र भौतिक विकासका लागि प्रयत्नशिल रहँदै, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता क्षेत्रमा गुणस्तर सहित पहुँच अभिवृद्धि गर्ने र सडक निर्माण र स्तरोन्नती गर्ने कार्यलाई प्राथमिकतामा राखी सकारात्मक परिवर्तन तथा विकास र समृद्धिको माध्यमबाट सम्वृद्ध धुनिवेशी सुखी नगरवासीको अवधारणालाई साकार रुप दिन सकिन्छ भन्ने विश्वास लिएको छु ।

(१०) विगतका वर्षहरुमा नगरकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरु भाडाको घरमा स.चालन हुँदै आएकोमा नगरपालिका मातहतका सबै कार्यालयहरुलाई भाडा मुक्त गर्ने नीति अनुरुप प्रशासनिक भवनका अतिरिक्त वडा कार्यालय भवन निर्माण गर्ने कार्य सम्पन्न गरी आफ्नै कार्यालय भवनबाट नियमित सेवा, सुविधा प्रवाह गरिरहेका छौं ।

(११) धुनिवेशी नगरपालिकाको वित्तिय लगानी नभएतापनि धुनिवेशी नगरक्षेत्र भित्र निर्माण भईरहेको राष्ट्रिय गौरबका आयोजनाहरु नागढुङ्गा सुरुङमार्ग, धार्के देखी नौविसे सम्मको पृथ्वी राजमार्ग, नौविसे देखी सिस्नेखोला खण्डको त्रिभुवन राजपथ, धार्के सितापाईला वैकल्पिक राजमार्ग, भिमढुङ्गा लामिडाँडा गल्छी सडकको ठूलोखोला देखी जिवनपुर खण्ड, बाढभञ्ज्याङ काफलचौर सोलढुङ्गा सडक खण्ड निर्माण सम्पन्न हुने क्रममा पुगेको छ। राष्ट्रिय गौरबका आयोजनाहरु निर्माण सम्पन्न गर्नका लागि वित्तिय लगानी मात्र पर्याप्त हुँदोरहेनछ। उक्त आयोजनाहरु निर्वाध रुपमा सञ्चालन हुने वातावरण सिर्जना गरिदिनु, समन्वय र सहजीकरण गरिदिनु महत्वपूर्ण पाटो हुँदो रहेछ। राष्ट्रिय गौरबका आयोजनाहरुको निर्माण कार्य सम्पन्न हुँदा धुनिवेशी नगरपालिकाले समेत गौरव गर्न सक्ने, नगरवासीहरुको जिवनस्तरमा प्रत्यक्ष रुपमा सकारात्मक प्रभाव पर्ने र नगरवासीहरुले व्यापार व्यवसाय विस्तार गरी प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा रोजगारी पाई आय आर्जनमा टेवा पुग्नुका साथै नगर क्षेत्रमा उद्योग धन्दा कलकारखाना स्थापना गरी औद्योगिक हवका रुपमा विकास गर्न सकिने तथा काठमाण्डौं उपत्यकाको नजिकमा रहेको हुँदा बैकल्पिक रुपमा बस्ती विकासको क्षेत्रको रुपमा विकसित घडेरीहरु निर्माण गरी शहरीकरण उन्मुख नगरपालिकाको रुपमा स्थापित गर्न सकिने देखी उल्लेखित राष्ट्रिय गौरवका आयोजनाहरुको निर्माणमा देखा परेका बाधा अवरोध एवं समस्याहरु समाधान गर्नमा धुनिवेशी नगरपालिकाले शसक्त रुपमा नेतृत्वदायी भूमिका निर्वाह गरी आवश्यकता अनुसार समन्वय र सहजीकरण गर्दै आएका छौं।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

(१२) सामाजिक सेवाको भावनामा समर्पित रहि जेष्ठ नागरिक सम्मानका लागि वृद्धा विश्राम स्थल भवन निर्माण गरिसकेका छौं। उक्त विश्रामस्थललाई पूर्वाधार सम्पन्न बनाई जेष्ठ नागरिकहरुमा रहेको ज्ञान, सिप र अनुभवलाई पुस्तान्तरण गर्ने केन्द्रको रुपमा विकास र विस्तार गर्नुपर्ने चुनौति छ। हाम्रा सामु देखा पर्ने समस्या एवं चुनौतिहरुको सामना गर्नेगरी वृद्धविश्रामस्थल संचालन हुदैछ। घरपरिवारबाट अपहेलित तथा तिरस्कृत भएका महिलाहरुका लागि सुरक्षित आवास गृह (सेफ हाउस) सञ्चालनमा ल्याइएको छ।

(१३) धुनिवेशी नगर अस्पताल, जीवनपुर, नौविसे र छत्रेदेउराली स्वास्थ्य चौकी मातहतमा रही संचालन हुने गरी ४ वटा एम्बुलेन्सको व्यवस्था गरी जेष्ठ नागरिक, अपाङ्ग, सुत्केरी महिला, कडा रोग लागेका व्यक्तिहरुलाई निशुल्क रुपमा र अन्य नागरिकहरुलाई न्यूनतम शुल्कमा एम्वुलेन्स सेवा उपलब्ध गराउँदै आएका छौं। नगरवासीको स्वास्थ्यलाई ख्याल गर्दै सबै वडामा स्वास्थ्य सेवा विस्तार गरि छिटो छरितो एवं सहज ढंगबाट स्वास्थ्य सेवा उपलब्ध हुने व्यवस्था मिलाई सर्वसाधारणको स्वास्थ्य सेवाको पहूँचमा अभिवृद्धि गराएका छौं। सेवाको पहुँचबाट टाढा रहेका बस्तीहरु वडा नं. १ को चिलाउने गाउँ, वडा नं.२को थापा गाउँ र वडा नं. ७ को मजुवामा शहरी स्वास्थ्य केन्द्र स्थापना गरी साप्ताहिक रुपमा सेवा प्रदान गरीरहेको छौ। दृष्टि आँखा केन्द्र कलंकी तथा तिलगंगा सर्जिकल आँखा केन्द्र, धादिङको सहकार्यमा निःशुल्क रुपमा आँखा परिक्षण गरिनुका साथै निशुल्क रुपमा मोतियाविन्दुको अपरेसन गर्दै आएकोमा नेपाल आँखा कार्यक्रम अर्न्तगत तिलगंगा आँखा प्रतिष्ठान र नगरपालिकाको लागत साझेदारीमा नौविसे स्वास्थ्य चौकीमा शहरी आँखा केन्द्र स्थापना गरी संचालनमा ल्याई सकेको छौ। छत्रेदेउराली, जीवनपुर र नौविसे स्वास्थ्य चौकीमा प्रयोगशाला स्थापना गरि ल्याब सेवा उपलब्ध गराएका छौ। ३ वटै स्वास्थ्य चौकीहरूमा वर्थिङ्ग सेन्टर स्थापना गरी सुत्केरी सेवा सहज रुपमा उपलब्ध गराई सुत्केरीहरुलाई जाउलो र कपडा उपलब्ध गराउनका साथै नौविसे स्वास्थ्य चौकीमा मेडिकल अफिसरको व्यवस्थापन गरि चिकित्सकिय सेवा प्रदान गर्दै आएका छौं। नौविसे स्वास्थ्य चौकी मार्फत साप्ताहिक रुपमा विशेषज्ञ चिकित्सासेवा उपलब्ध गराउँदै आएकोमा मनमोहन मेमोरियल अस्पतालसँग पुन सम्झौता गरी विशेषज्ञ चिकित्सा सेवा उपलब्ध गराउने कार्यलाई पुनः निरन्तरता दिएका छौं। नौविसे, जीवनपुर र छत्रेदेउराली स्वास्थ्य चौकीमा स्थापना भएको प्रयोगशालालाई स्तरोन्नती गरि एनलाइजर कुल्टर मेशिन जडान गरिएको छ। नौविसे स्वास्थ्य चौकीमा सि.आर.एस. एक्स "रे" मेशिन जडान गरी सेवा उपलब्ध गराइएको छ। नौविसे स्वास्थ्य चौकीलाई स्तरोन्नती गरी १० बेड सम्म क्षमता भएको नगर अस्पतालको रुपमा विकास गर्न भवन निर्माणको कार्य सम्पन्न गरी अस्पताल संचालनको तयारीमा पुगेका छौं। खोप भण्डारणको लागी तीन ओटै स्वास्थ्य

चौकीमा आई.आर.एल. फ्रिजको व्यवस्था गरिएको छ । जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुका लागि घरदैलोमा गई स्वास्थ्य परिक्षण र परामर्श सेवा उपलब्ध गराईरहेका छौँ ।

(१४) महिला लक्षित कार्यक्रम अन्तर्गत महिला सशक्तिकरण एवं सिप, क्षमता र नेतृत्व विकासका लागि उपयुक्त तालिमको व्यवस्था गरि महिलाहरुलाई आत्मनिर्भर बनाउने उद्देश्यलिएका छौँ । अल्पसंख्यक एवं पिछडिएका वर्गका व्यक्ति एवं समुदायहरुको उत्थानका लागि आवश्यक सहयोग उपलब्ध गराएका छौँ । वैदेशिक रोजगारीवाट फर्किएकाहरूका लागि तालिम संचालन गरि आत्मनिर्भर र उद्यमशील वन्न उत्प्रेरित गराएका छौँ । संघ संस्था एवं परियोजनाको संयुक्त साझेदारी वा सहकार्यमा सिपमुलक कार्यक्रम संचालन गरी स्वरोजगार बनाउन क्षमता विकासका कार्यक्रम संचालन गरेका छौँ । लघु उद्यमी समुहहरू तयार गर्दै उद्यमी महिलाहरुलाइ प्रोत्साहन गरी आत्मनिर्भर तथा उद्यमशिलता प्रर्वधनमा जोड दिएका छौँ ।

**नगरसभाका उपाध्यक्ष एवं नगरसभा सदस्यज्यूहरु,**

(१५) धर्म, कला संस्कृती संरक्षण र पर्यटन प्रर्वद्धन लाई प्रथामिकतामा राखी विभिन्न वडामा मन्दिर निर्माण तथा मर्मत गर्दै क्रियापुत्री भवन, मरणघाट, पाटीपौवा, चौतारो निर्माण देखि गुम्बा निर्माण, पिकनिक स्पोर्ट तथा पार्क निर्माण गर्ने कार्यलाई निरन्तरता दिएका छौँ । नगर क्षेत्र भित्रका प्राकृतिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक क्षेत्रहरुलाइ समेटी आन्तरिक पर्यटन तथा पर्या पर्यटन प्रवर्धनका लागि पर्यटन गुरूयोजना निर्माण गर्ने तयारी गरिरहेका छौँ ।

(१६)नगरपालिका क्षेत्रभित्रका दुर्गम क्षेत्रमा बसोबास गर्ने बालबालिका र चार कक्षा देखी बाह्र कक्षा सम्म अध्ययन गर्ने गरिब, असहाय तथा अपाङ्ग विद्यार्थीहरुका लागी शिक्षामा पहुँच अभिवृद्धि गर्ने लक्ष्यका साथ हाललाई मच्छिन्द्र मा.वि. खानिखोलामा आवासिय सुविधा सहितको विद्यालय सन्चालनको व्यवस्था मिलाएका छौँ । अन्य विद्यालयमा समेत आवासीय सुविधा थप गर्दै जाने नीति अवलम्वन गरेका छौँ । विद्यालयहरूमा तातोपानी सहितको शुद्ध खानेपानीको व्यवस्था गरिएको छ । विषयगत शिक्षकको व्यवस्थापन गर्दै क्षमता अभिवृद्धिका लागि तालिम प्रदान गरिँदै आएका छौँ । एक विद्यालय एक नर्स कार्यक्रम, विद्यालय सुधार योजनाको निर्माण, डिजिटल हाजिरिको व्यवस्थापन, शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम संचालन, विज्ञान प्रयोगशालाको व्यवस्था, ICT ल्याब स्थापना, सामुदायीक विद्यालयमा छात्रा मैत्री तथा Wash सुविधा सहितको शौचालय व्यवस्थापन, विद्यालय घेराबार र सामुदायिक विद्यालयलाई स्तरोन्नती गर्ने कार्यलाई निरन्तर रुपमा अगाडी बढाइएका छौँ । विद्यालयमा प्रधानाध्यापक नियुक्तीको मापदण्ड निर्धारण गरिएको छ । विद्यालयमा विद्यार्थीको संख्या, भौगोलिक अवस्था लगायतका आधारमा विद्यालय मर्ज सहित विद्यालय संख्या कायम गरी गुणस्तर अभिवृद्धि गर्ने कार्यको शुरुवात गरेका छौँ । नगरस्तरीय राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगितालाई निरन्तरता दिएका छौँ । खेलकुदको माध्यमबाट स्वस्थ्य, अनुशासित एवं मर्यादित युवा जनशक्ति तयार गरी व्यवसायीक तथा राष्ट्रिय खेलाडीहरु उत्पादनमा योगदान पुऱ्याउने उदेश्यले जिल्ला स्तरीय लिग फुटबल प्रतियोगिता संचालन गर्दै लिग विजेता टिमलाई प्रदेशस्तरीय लिग फुटबल प्रतियोगिता लगायत अन्य प्रतियोगिताहरुमा सहभागी हुन प्रोत्साहन गरिरहेका छौँ । यसै आ.व. देखी नगरपालिकाले नियुक्ति गरेका शिक्षकहरुको तलब नेपाल सरकारले तोकेको स्केल बमोजिम भुक्तानी पाउने व्यवस्था मिलाएका छौँ भने सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरु लामो अवधि विदामा बस्नुपर्ने भएमा सट्टा शिक्षक भर्ना गर्न पाउने व्यवस्था मिलाएका छौँ । बाल विकास कक्षामा २० जना भन्दा बढी विद्यार्थीहरु भएमा बाल विकास सहजकर्ता थप गर्न पाउने व्यवस्था गरी थुङ्गी आ.वि., त्रिकुटेश्वरी आ.वि. र महेशधर्म मा.वि.मा १-१ जना गरी ३ जना बालविकास सहजकर्ता थप गरिएको छ । सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापकहरुलाई कार्यजिम्मेवारीप्रति थप लगाव सिर्जना गर्नका लागि प्र.अ. भत्तामा वृद्धि गरी मासिक रुपमा आधारभुत तहमा कार्यरत प्र.अ.को रु.५००।- र मा.वि.तहमा कार्यरत प्र.अ.को रु.१०००।- प्र.अ. भत्ता कायम गरेका छौँ ।

(१७) उच्च शिक्षा अध्ययन गर्ने इच्छा एवं आकांक्षा भएका बुहारीहरूलाई लक्षित गरि आर्थिक अभावका कारण उच्च शिक्षा अध्ययन गर्नबाट वञ्चित हुन नपरोस भन्ने उद्देश्यले नगरपालिका क्षेत्रभित्रका क्याम्पसमा अध्ययनरत सबै बुहारीहरूलाई छात्रवृत्ति प्रदान गर्दै आएका छौँ । स्नातक तहको कृषि तथा पशु प्राविधिक विषयमा अध्ययन गर्न चाहने नगर क्षेत्र भित्रका जेहेन्दार विद्यार्थीहरुमध्ये १ आर्थिक वर्षमा २ जना विद्यार्थीहरुलाई पुर्ण छात्रवृत्तिको व्यवस्था मिलाएका छौँ । सिप विकास, क्षमता अभिवृद्धि र स्वरोजगार सिर्जनाका लागि शेषकान्त फाउन्डेसनसँग सहकार्य गरी प्राविधिक जनशक्ति उत्पादन गर्ने कार्यलाई निरन्तरता दिएका छौँ ।

**नगरसभाका उपाध्यक्ष एवं नगरसभा सदस्यज्यूहरु,**

(१८) धुनिवेशी नगरपालिकाले नगर गौरवको योजनाको रुपमा अघि सारेका योजना तथा कार्यक्रमहरु मध्ये धार्के-स्वाँरा-जीवनपुर सडक खण्ड कालोपत्रे भईसकेको छ, बाँकी खण्डको कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिएका छौँ । डाँडाडिही-बडारेचौर-जीवनपुर-किटिनी-कोल्पु सडकको जिवनपुर भञ्ज्याङ सम्मको खण्ड कालोपत्रे भईसकेको अवस्था छ, बाँकी खण्डको कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिएका छौँ । खिलबुजा-भञ्याङपोखरी-महेशफाँट सडक, चौधारमोड-मरुवा सडक, आंसिक रुपमा कालोपत्रे भएको छ, बाँकी खण्डलाई कालोपत्रे गर्ने कार्यलाई निरन्तरत दिएका छौँ । नौविसे-दोभान-लिखु सडकको केही भाग कालोपत्रे र केही भाग ढलान भईसकेको छ, भने उक्त सडकको बाँकी खण्डलाई पक्कि सडक बनाउने कार्यलाई निरन्तरता दिएका छौँ । भञ्ज्याङपोखरी चिलाउनेगाउँ खिलवुजा ढाँडे सडकको केही भाग कालोपत्रे भएको छ भने बाँकी खण्ड पक्कि बनाउन निरन्तरता दिएका छौँ । पिपलामोड- महेशफाँट, डुम्रेचौर-महेशफाँट सडक, लामिछानेटार-सुमाराचौर-थुम्की-जिवनपुर सडक, मच्छिन्द्रावन-स्याउली सडक, टायलघर बद्रिटार ढकालखोला जिवनपुर लगाएतका सडकहरुलाई पक्कि बनाउने कार्यलाई निरन्तरता दिएका छौँ । झ्याप्लेखोला देखी जुगेडी हुँदै नगर केन्द्र सम्म जोड्ने सडकलाई कालोपत्रे र ढलान गर्ने कार्यलाई निरन्तरता दिँदै बाँकी खण्डलाई समेत कालोपत्रे र ढलान गर्ने गरी अगाडी बढाइएका छौँ । बाडभञ्ज्याङ काफलचौर हुँदै खानीखोला निस्कने काफलचौर खानीखोला सडकलाई पक्कि बनाउने कार्यलाई निरन्तरता दिएका छौँ । धुनिवेशी खेल मैदानको संरचना निर्माण कार्य सम्पन्न गरी जिल्लास्तरीय लिग फुटबल र पालिकास्तरीय खेलकुद, अन्तरविद्यालयस्तरीय खेलकुद कार्यक्रम संचालन भईसकेको छ । जिल्लास्तरीय खेलकुद प्रतियोगिता संचालन गर्न सकिने गरी थप व्यवस्थित गर्न पहल गरिरहेका छौँ । वडा नं.५ स्थित धुनिवेशी पार्कको निर्माण कार्यलाई सम्पन्न गर्ने र औद्योगिक ग्राम निर्माणको कार्यलाई अगाडी बढाउन ध्यान केन्द्रित गरेका छौँ । खानीखोला-गणेशमार्ग-काफलचौर सडक, हेल्थपोष्ट-सेतिदेवि-तोप्लाङ सडक, नौविसे- कालिदेवि स्थान सडक, पिपलमोड- महेशफाँट- रमाइलोचौर-चिम्टेश्वर सडक, पिपलमोड- डुँडेभञ्ज्याङ सडक, निसाकोट जुगेडी नगरकेन्द्र सडक, रेशमखेती मच्छिन्द्रावन कोइरालाटार चालिसे सडक, डुम्रेचौर किटनी बाघाखोर सडक, धार्के आचार्यपोखरी कोल्पु सडक लगायतका नगर गौरवका क्रमागत योजनाका रुपमा राखी क्रमशः निर्माण सम्पन्न गर्नका लागी पहल गरिरहेका छौँ । धुनिवेशी नगरपालिका वडा नं. ५ मा ल्याण्ड पुलिङ (शहरी बस्ती विकास योजना) संचालनका लागी DPR तयार गर्ने कार्यलाई अगाडी बढाएका छौँ ।

(१९) सडक मर्मत सुधार,सडक कालोपत्रे, सडक ग्राभेल, पक्कि नाला निर्माण, कच्चि नाला निर्माण, सडक ढलान, ग्याविन वाल निर्माण, मेसिनरी वाल निर्माण, प्लम वाल निर्माण, ह्युम पाइप कल्भर्ट निर्माण, गोरेटो बाटो निर्माण पक्कि सिंचाई कुलो मर्मत तथा निर्माण, सिंचाई पोखरी, पाटी पौवा मन्दिर, गुम्वा, चौतारा निर्माण, ट्रस, सामुदायिक भवन निर्माण, क्याम्पस तथा विद्यालय भवन निर्माण, मरनघाट तथा चिहान निर्माण, खेलमैदान निर्माण र तटवन्ध निर्माणका कार्यलाई प्राथमितामा राखी निरन्तर रुपमा अगाडी बढाएका छौँ ।

(२०) सर्वसुलभ रुपमा स्वच्छ, सफा खानेपानी सबै नगरवासीहरुलाई उपलब्ध गराउने लक्ष्यका साथ अधिकांश नगरवासीहरुलाई स्वच्छ, सफा खानेपानी उपलब्ध गराउँदै आएका छौँ । अझै केही स्थानमा खानेपानीको समस्या एवं अभाव रहेको छ । उपलब्ध स्रोत र साधनको उच्चतम रुपमा परिचालन गरी नपुग स्रोत जुटाउनका लागी संघीय सरकार एवं प्रदेश सरकारसँग समन्वय गरी सर्वसुलभ रुपमा सफा खानेपानी उपलब्ध गराउने तर्फ ध्यान केन्द्रित गरेका छौँ ।

(२१) पशु विकास सेवा तर्फ गाई भैसी तथा बाखा पालनमा कृत्रिम गर्भाधान सेवा, रोग विरुद्ध नियमित खोप, गोबर परिक्षण र औषधी वितरण सेवालाई निरन्तरता दिँदै छाडा कुकुर नियन्त्रणका लागी कुकुर बन्ध्याकरण गर्ने कार्यलाई अभियानकै रुपमा अगाडी बढाएका छौँ । गाई भैसीमा देखिने खोरेत रोग तथा लम्पी स्किन रोग र बाखाहरुका पिपिआर विरुद्धको खोप कार्यक्रम संचालन गरी आइशोलेशन भवन सँगै पशु उपचार केन्द्र र पशु चिकित्सासँग सम्बन्धित आधारभुत प्रयोगशाला स्थापना गरी संचालनमा ल्याएका छौँ । कृषि विकास सेवा तर्फ फलफुल र फूलको विरुवामा नगरपालिकालाई आत्म निर्भर बनाउन फलफुल र फूलको बिरुवाको स्थापित स्रोत केन्द्रबाट फलफूल र फूलको विरुवाहरु वितरण गर्दै आएका छौँ । माटो परिक्षण सेवा, विउविजनमा अनुदान, कृषि पकेट क्षेत्र कार्यक्रम संचालन गर्दै कृषि प्राविधिक विषय अध्ययन गर्न चाहने विद्यार्थीहरुलाई लक्षित गरी भुवनेश्वरी मा.वि.मा कृषि प्राविधिक विषयमा अध्ययन/अध्यापन हुने व्यवस्था मिलाएका छौं ।

(२२) नगरपालिकामा भएको बारुणयन्त्र मार्फत अग्नी नियन्त्रण गर्ने काम चुस्त एवं प्रभावकारी बनाईएको छ । नगरपालिकाले खरिद गरेको २ थान व्याक हो लोडर परिचालन गरी सडक सुधार गर्ने कार्यलाई निरन्तरता दिएका छौँ ।

(२३) वित्तीय पारदर्शीताको लागि त्रैमासिक रूपमा आय व्ययको विवरण सार्वजनिकीकरण गर्ने गरिएको छ । आ.व.२०८०।०८१ को स्थानीय तह संस्थागत क्षमता स्वःमुल्यांकन (LISA) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन (FRA) को समग्र स्थिति, प्रकृयागत स्थिति र परिमाणात्मक स्थितिको मुल्यांकन हुँदा (LISA) मा ८५.५ अंक र (FRA) मा ७५.५ अंक प्राप्त भएकोमा थप सुधार गर्दै स्थानीय तह संस्थागत क्षमता स्वःमुल्यांकन कार्यविधिलाई पुर्णरुपमा कार्यान्वयन गरी संस्थागत गर्ने र (FRA) मा अधिकतम अंक हाँसिल गर्ने गरी कार्यसम्पादन गर्न अभिप्रेरित गरेका छौँ ।

(२४) समुहमा आवद्ध महिलाहरुलाई सिपमुलक तालिमको माध्ययमबाट आय आर्जनका क्रियाकलापमा सहभागी गराई आत्मनिर्भर गराउन उद्यमशिलता प्रवर्धनको कार्यक्रम संचालन गरिरहेका छौँ ।

(२५) धुनिवेशी नगर क्षेत्र भित्र पर्ने धार्मिक, ऐतिहासिक, पुरातात्विक तथा पर्यटकिय क्षेत्रको विकास एवम् विस्तार र भौतिक पुर्वाधार निर्माणको क्षेत्रमा अनुभव आदान-प्रदान गर्दै भाईचाराको सम्बन्ध कायम गरी एक आपसमा सहयोग पुऱ्याउने उद्धेश्यका साथ अन्तराष्ट्रिय संघ संस्था एवम् अन्तरपालिका भगिनी सम्बन्ध कायम गरिने छ

(२६) नगर केन्द्र वरिपरी चक्रपथ निर्माण गरी, सडक सञ्जाल मार्फत नगर केन्द्र जोड्ने र नगर केन्द्र तोकिएको स्थानमा बहुउदेश्यीय डिपार्टमेन्ट भवन सहितको बस पार्क निर्माण गर्न डिपिआर गर्ने कार्यको थालनी गरेका छौँ ।

२७) संघ संस्था एवम् परियोजनाको संयुक्त साझेदारी वा सहकार्यमा सिपमुलक कार्यक्रम संचालन गरी युवाहरुलाई स्वरोजगार बनाइने नीति अवलम्वन गरेका छौँ ।

(२८) भवन निर्माण, सडकको कालोपत्रे लगाएतका प्राविधिक रुपमा जटिल प्रकृतिका योजनाहरु उपभोक्ता समिति मार्फत संचालन नगर्ने नगराउने नीति अवलम्बन गरेका छौँ ।

(२९) ***'जनतासँग जनप्रतिनिधि, समृद्ध धुनिवेशी सुखी नगरवासी'*** को अभियानलाई सार्थक बनाई ***'दिगो पुर्वाधार, समृद्ध नगरको आधार'*** लाई मुर्त रुप दिन निरन्तर रुपमा लागी रहेका छौँ ।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

**अव म आ.व.२०८२।०८३ को नीति, कार्यक्रम तथा बजेट तयार गर्ने क्रममा लिएका आधारहरु प्रस्तुत गर्दछु ।**

१) नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु, स्थानीय आर्थिक कार्य प्रणाली, संविधानमा व्यवस्था भए बमोजिम अनूसूची ८ मा उल्लेखित एकल अधिकार तथा अनूसूची ९ मा उल्लेखित साझा अधिकारको सूची,

२) सङ्घीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,

३) सङ्घीय सरकारले अवलम्वन गरेका आर्थिक एवम् वित्तिय नीतिहरु ।

४) प्रदेश सरकारले लिएका आर्थिक एवम् वित्तिय नीतिहरु,
५) "समृद्ध धुनिवेशी, सुखी नगरवासी"को अभियान सफल पार्न अवलम्वन गरिएका कार्यनीति एवम् कार्य योजना ।
६) स्थानीय सरकार संचालन ऐन तथा अन्य कानूनी प्रावधानहरु,
७) विषयगत शाखा एवम् वडा कार्यालयहरुबाट प्राप्त, प्रस्ताव एवम् कार्ययोजना
८) नगरवासीहरुबाट प्राप्त राय, सल्लाह, सुझाव, प्रतिक्रिया एवम् मार्ग निर्देशन ।
९) सरकारी एवम् गैर सरकारी संघ, संस्था, संचारकर्मी, वुद्धिजिवी जगतबाट प्राप्त राय, सल्लाह सुझाव एवम् अध्ययन प्रतिवेदनहरु,
१०) निर्वाचनका क्रममा जारी गरिएका संयुक्त चुनावी घोषणा पत्र ।
११) धुनिवेशी नगरका नागरिकहरु समक्ष गरिएका प्रतिवद्धता ।
१२) नगरको आवश्यकता, सम्भावना, अवसर, नगरपालिकाको श्रोत साधन परिचालन गर्न सक्ने क्षमता एवम् उपलब्ध जनशक्ति ।
१३) राजनैतिक दल, नागरिक समाजका प्रतिनिधि, उद्योगी, व्यापारी, पौरखी किसान, सहकारी क्षेत्रमा क्रियाशिल व्यक्तित्व, महिला दिदी वहिनीहरुको समूह एवम् सञ्जालबाट प्राप्त राय, सल्लाह र सुझावहरु ।
१४) धुनिवेशी नगरका नगरसभा सदस्यज्यूहरुबाट प्राप्त राय, सल्लाह, सुझाव एवम् मार्गदर्शन ।
१५) संघीय सरकारले स्वीकृत गरेको सोह्रौं पञ्चवर्षिय योजना ।
१६) धुनिवेशी नगरपालिकाको आवधिक योजना ।
१७) धुनिवेशी नगरपालिकाको मध्यमकालिन खर्च संरचना ।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

**अव म आ.व.२०८२।०८३ को नीति, कार्यक्रम तथा बजेटको प्राथमिकता प्रस्तुत गर्दछु ।**

१) दिगो सडक पूर्वाधारको विकास एवम् रणनीतिक महत्वको क्षेत्रमा लगानी विस्तार,
२) कृषि उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्दै खाद्य सुरक्षाको प्रत्याभूत,
३) कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण, बजारीकरण, रोजगारी सिर्जना एवम् गरिवी न्यूनिकरण र जिवनस्तरमा सुधार,
४) आर्थिक विकास, सामाजिक न्याय, विकासका प्रतिफलको न्यायपूर्ण वितरण,
५) एकल महिला, जेष्ठ नागरिक, अपाङ्ग, असहाय र दलित बालबालिकाको हितको संरक्षण,
६) शिक्षा क्षेत्रको गुणस्तर सुधार, अनिवार्य तथा निःशुल्क शिक्षामा जोड दिने, सर्वसुलभ एवम् गुणस्तरयुक्त स्वास्थ्य सेवा प्रदान, सिपमुलक जीवनोपयोगी व्यवसायिक शिक्षामा लगानी,
७) बाढी पहिरो तथा भू-क्षय नियन्त्रण, खोला तटवन्ध निर्माण विपद् व्यवस्थापन,
८) नगरवासीको जिवनस्तरमा सुधार, आय आर्जनमा वृद्धि, रोजगारी सिर्जना,
९) खानेपानी तथा सरसफाई सेवा सुविधामा विस्तार, पौराणिक, साँस्कृतिक एवम् धार्मिक स्थलहरुको पहिचान संरक्षण, पुर्ननिर्माण एवम् व्यवस्थापन,
१०) सूचना प्रविधिको विकास, विस्तार र पहुँचमा अभिवृद्धि,
११) भ्रष्ट्राचार नियन्त्रण, सुशासन, सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता सार्वजनिक जवाफदेहिता,
१२) लैङ्गिक समानता, समावेशीकरण र सामाजिक न्याय, आर्थिक विकास, उपलब्ध स्रोत साधन एवम् अवसरको न्यायपूर्ण वितरण,
१३) औद्योगिक ग्राम स्थापना,
१४) संस्थागत संरचना निर्माणलाई पूर्णता दिने स्रोत साधन सम्पन्न बनाउने,
१५) स्थानीय ज्ञान, सिप, क्षमता, प्रविधि र पूँजीको भरपुर उपयोग, परिचालन, विकास एवम् विस्तार,
१६) आवास तथा शहरी विकास कार्यक्रम संचालन वैकल्पिक शहरको निर्माण,
१७) दिगो विकास, वन तथा वातावरणको संरक्षण र सन्तुलन,

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

**<u>अव म आ.व. २०८२।०८३ को नीति, कार्यक्रम तथा बजेटको उद्धेश्यहरु प्रस्तुत गर्दछु :-</u>**

१) पुर्वाधारको दिगो, योजनावद्ध, गुणस्तरीय र वातावरणमैत्री विकास मार्फत नागरिकको जीवनयापनमा सहजता प्रदान गर्ने ।

२) कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण, बजारीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै रोजगारी सिर्जना गर्ने, कृषि पेशा एवम् व्यवसायलाई गौरब र मर्यादित पेशा एवम् व्यवसायको रुपमा अगाडी बढाउन व्यवसायिक यूवा र पौरखी किसानलाई प्रोत्साहन गर्ने ।

३) सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो चुस्त, दुरुस्त, सवल सक्षम, प्रभावकारी, पारदर्शी बनाई सुशासनयूक्त नगरपालिका निर्माण गरी सेवा प्रवाहलाई नागरिकमैत्री बनाउने ।

४) शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाईको क्षेत्रमा लगानी बढाई गुणस्तर कायम गर्ने, प्राविधिक ज्ञान सिप क्षमतामा अभिवृद्धि गर्ने, जिवन उपयोगी र रोजगारमुलक व्यवसायिक शिक्षामा जोड दिने, स्वास्थ्य सेवालाई सर्वसुलभ, गुणस्तरयुक्त बनाई पहुँच अभिवृद्धि गर्ने, गुणस्तरयुक्त खानेपानी सेवा उपलब्ध गराउने ।

५) आन्तरिक पर्यटन प्रवर्धन, प्रचार प्रसार, ऐतिहासिक, पौराणिक, साँस्कृतिक, धार्मिक स्थलहरुको संरक्षण र सर्म्वधन विकास एवम् विस्तार गर्दै सर्वसाधारण जनताको आयमा सुधार गर्ने, धुनिवेशी नगरपालिकाको पर्यटकिय गन्तव्य स्थलको रुपमा विकास गरी उच्च एवम् श्रेष्ठतम् पहिचान हाँसिल गर्ने ।

६) उपलब्ध स्रोत साधन, अवसर एवम् क्षमताको उच्चतम् परिचालन र उपयोग गरी आर्थिक विकास, पुर्वाधार विकास एवम् विस्तार गर्ने ।

७) महिला, बालबालिका, जेष्ठ नागरिक एवम् अपाङ्ता भएका व्यक्तिको हितलाई ध्यानमा राखी संरक्षण गर्ने ।

८) राज्यको मुलधारबाट पछाडी परेका जाति, वर्ग, लिङ्ग एवम् सम्प्रदायलाई सामाजिक न्याय, लैङ्गिक समानता, सामाजिक समावेशीकरण मार्फत राज्यको मूलधारमा समावेश गर्ने ।

९) सामाजिक र साँस्कृतिक विकासलाई गतिशिलता प्रदान गर्ने, भौगोलिक सन्तुलन कायम राख्ने र स्रोत, साधनको न्यायोचित वितरण गर्ने, धुनिवेशी नगरपालिकाको सर्वाङ्गीण विकासका लागि रणनीतिक एवम् आर्थिक महत्वको सडकहरुको सञ्जाल निर्माण हुने गरी दिगो सडक पूर्वाधार तयार गर्ने, नगर क्षेत्रको वरिपरी चक्रपथ निर्माण गरी नगरवासीहरुको लागि सहजरुपमा पहुँच मार्गको निर्माण एवम् विस्तार गर्ने, दिगो विकास एवम् पूर्वाधार निर्माणमा जनसहभागिता र समानता कायम गर्ने ।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

अव म धुनिवेशी नगरपालिकाले विगत र चालु आ.व.मा अवलम्बन गरेका  नीतिहरुलाई निरन्तरता दिँदै आगामी आ.व.का लागि प्रस्तावित नयाँ नीति तथा विषय क्षेत्रगत कार्यनीतिहरु सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्न चाहान्छु

**<u>संस्थागत विकास, सार्वजनिक सेवा प्रवाह र सुशासन सम्बन्धी नीति</u>**

- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निस्पक्ष, पारदर्शी, भ्रष्ट्राचारमुक्त, जनउत्तरदायी र सहभागीतामुलक बनाउँदै सेवा प्रवाहमा समान र सहज पुहँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गरिनेछ ।
- नगरकार्यपालिकाको कार्यालय र मातहतका कार्यालयहरुलाई भौतिक पूर्वाधार सम्पन्न गराइने छ ।
- नगरकार्यपालिकाको कार्यवोझ, राजश्व क्षमता, खर्चको आकार एवम् स्थानीय आवश्यकतालाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M सर्भे) का आधारमा संगठन संरचना तयार गरिनेछ । संगठन संरचना र स्वीकृत दरवन्दीका आधारमा कर्मचारी व्यवस्थापन गरी पदाधिकारी र कर्मचारीको कार्यविवरण तयार गरी कार्यान्वयन गरिनुका साथै कार्यसम्पादन करार सम्झौता गरी नियमित रुपमा कार्यसम्पादन मुल्यांकन गरिनेछ
- स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन तथा सेवाको सर्त एवम् सुविधा सम्बन्धी कानून तर्जुमा गरिने छ
- सेवा प्रवाहमा थप प्रभावकारीता ल्याई सुशासन कायम गर्न, गुणस्तरीय सेवा प्रदान गर्न, कार्यजिम्मेवारी प्रति लगाव सिर्जना गर्न, नतिजामुलक उपलब्धी हाँसिल गर्नका लागि नतिजामा आधारित कार्यसम्पादन एवम्

प्रोत्साहन प्रणाली अवलम्वन गरिने छ । कर्मचारीहरुको कार्यव्यवहारलाई पारदर्शी, जनमैत्री र सुशासनयुक्त बनाउन आचारसंहिताको पालनालाई कडाईका साथ लागू गरिनेछ ।

- नगरपालिका क्षेत्रभित्रका सार्वजनिक सम्पतिहरुको रेखदेख, संरक्षण, सम्वर्धन एवम् नियमित मर्मत सम्भारका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- सरकारी जग्गाको डिजिटल प्रविधिबाट नापजाँच गराई संरक्षण गरिनेछ ।
- नगरपालिकामा भएका निर्णय एवम् खर्चहरुलाई विद्युतिय माध्ययमबाट अभिलेखीकरण गरी मासिक रुपमा सार्वजनिक गरिनेछ ।
- करार सेवामा कार्यरत कर्मचारीहरुको वृति विकासलाई ध्यानमा राख्दै संचयकोषमा आवद्ध गरी नगरपालिकाको तर्फबाट संचयकोषमा रकम जम्मा गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- कर्मचारीको हाजिरी, नियमितता र अनुशासन पालनाका लागि दैनिक हाजिरीलाई पेरोलसँग एकिकृत गरी मासिक तलब एवम् पारिश्रमिकको रकम भुक्तानी दिने व्यवस्था मिलाइनेछ ।
- सबै कार्यालयहरुमा ई-हाजिरीको व्यवस्था गरिने छ । सि.सि. टिभी जडान गरी सेवा प्रवाहको अवस्थालाई प्रत्यक्ष रुपमा निगरानी गरिनेछ ।
- सेवा प्रवाहमा टोकन प्रणाली (First Come, First Service) को सेवा शुरुवात गरिनेछ । हेल्प डेस्क स्थापना/सञ्चालनको व्यवस्था मिलाईने छ ।
- डिजिटल प्रविधिको विकास र विस्तार गरी अभिलेखीकरण र सेवा प्रवाहलाई व्यवस्थित गरिनेछ । नगरपालिका मातहतका कार्यालयमा सुचना अधिकारीको व्यवस्थालाई निरन्तरता दिई सुचनाको हक कार्यान्वयनको व्यवस्था मिलाईनेछ ।
- दरवन्दी अनुसार स्थायी पदपूर्तीका लागि पहल गरिनेछ ।
- जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि तालिम, सेमिनार र गोष्ठी जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।
- विपन्न लक्षित समूहका लागि आयमूलक तथा सीपमूलक कार्यक्रम गैरसरकारी संस्था समेतको समन्वय र साझेदारीमा सञ्चालन गरिनेछ ।
- नगरपालिका वा अन्तरर्गत वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई कार्यालय प्रति जवाफदेही वनाउन र आन्तरिक आम्दानी वृद्धि लगायत नगरपालिकाको अभिलेख व्यवस्थापन गरी सहज रुपले कार्य संचालन गरी शुसाशन कायम गर्न विशेष योगदान दिने जनप्रतिनिधि र कर्मचारीलाई नगरपालिका स्थापना दिवसका अवसरमा सम्मान एवम् पुरस्कार दिने कार्यको शुरुवात गरिनेछ ।
- नगरपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुका लागि आवश्यक भौतिक पुर्वाधार एवम् जनशक्ति व्यवस्थापनको कार्य गरी संस्थागत संरचनालाई पुर्णता दिइनेछ । नगर प्रोफाईल अध्यावधिक गरिनेछ
- न्यायिक समितिबाट सम्पादन हुने न्यायिक निरुपणको कार्यलाई चुस्त, दुरुस्त तथा प्रभावकारी बनाउन न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकास गरिने छ ।
- न्यायिक समितिलाई थप पुर्वाधार युक्त बनाइ दक्ष जनशक्तिको व्यवस्था गरी छिटो, छरितो न्याय सम्पादन गरिनेछ । मेलमिलापको माध्यमबाट विवाद समाधान गर्ने पद्धतिको विकास गरी स्थानीय स्तरबाटै प्रत्यक्ष रुपमा न्यायको अनुभूत हुने गरी सम्वद्ध सरोकारवाला पक्षलाई प्रशिक्षित गर्दै अझ बढी सक्रिय बनाइनेछ ।
- जनतासँग जनप्रतिनिधि, जनतासँग मेयर, उपमेयर तथा बस्ती बस्तीमा मेयर कार्यक्रमलाई अगाडी बढाइने छ ।

- संघीय सरकार तथा प्रदेश सरकारको सर्शत अनुदान संचालन निर्देशिकामा सहभागी भत्ता पाउने उल्लेख भएका वाहेक अन्य तालिम, गोष्ठि, समिक्षा लगायतका कार्यक्रम संचालन गर्दा सहभागी भत्ता प्रदान गरिने छैन। कार्यालय समयमा नगरपालिकाका कर्मचारीलाइ प्रशिक्षक भत्ता उपलब्ध नगराउने नीति अवलम्वन गरिने छ।
- प्रयोगमा आउन नसकेका, काम नलाग्ने भई बेकम्मा भएका जिन्सी सामाग्रीहरुको लिलाम विक्रि गरी, जिन्सी निरिक्षण गरिनेछ।
- नगरपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय उपभोक्ता समिती लगायत सवै निकायले आर्थिक कारोवार गर्दा नगरपालिकामा दर्ता भएका र आ.व. २०८१।८२ सम्म कर चुक्ता भएका पसल, व्यवसायी तथा उद्योगीसँग मात्र आर्थिक कारोबार गर्नुपर्ने नीति अवलम्वन गरिने छ।
- भष्ट्राचार र अनियमितता विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ। बेरुजु र अनियमितता रोक्न स्थानीय सदाचार नीति र कानून बनाई कार्यान्वयन गरिनेछ। आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाईने छ।

<u>स्वास्थ्य नीति</u>

- “सवै नीतिमा स्वास्थ्य (Health in All Policies)” भन्ने मान्यता लाई स्थापित गर्न कार्यक्रम योजना तर्जुमा गर्दा स्वास्थ्य नीतिलाई हरेक कार्यक्रमहरुमा समेटिने गरी योजना तर्जुमा गरिनेछ।
- यस नगरको भौगोलिक वनावट अनुसार हाल संचालनमा रहेका स्वास्थ्य संस्थाहरुबाट मात्र सेवा प्रदान गर्दा कतिपय ठाँउका नागरिकहरु सेवा प्राप्त गर्नबाट वञ्चितीमा परेको हुदाँ हरेक नागरिकहरुको आधारभुत स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन स्वास्थ्य सेवाका इकाईहरु थप स्थापना गरी अधारभुत स्वास्थ्य सेवा सहज रुपमा प्रदान गरिनेछ।
- हाल बढ्दै गरेको नसर्ने तथा मानसिक रोगहरुको प्रभाव न्यूनिकरण गर्नको लागि समुदाय तहसम्म जनचेतना मूलक स्वास्थ्य अभियानका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- समुदायमा रहेका ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुले सहज रुपमा स्वास्थ्य सेवा प्राप्त गर्न सकुन भनी घरदैलोमा नै गई स्वास्थ्य परीक्षण, परामर्ष एवम् औषधी उपचार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- यस नगरपालिका भित्र हालसम्म एउटा पनि नगर अस्पताल नभएको अवस्थामा नागरिकहरुलाई अस्पतालबाट प्रदान हुने स्वास्थ्य सेवा लिनको लागि अन्यत्र धाउनु पर्ने अवस्थाको अन्त्य गर्दै घोषित नीति बमोजिम आधारभुत नगर अस्पतालबाट यसै आ.व देखि सेवा प्रदान गरिनेछ।
- स्वास्थ्य सेवालाई गुणस्तरीय, भरपर्दो र विश्वनीय रुपमा प्रदान गर्न स्वास्थ्यकर्मी सेवा प्रदायकहरुलाई विविध किसिमको तालिम प्रदान गरी दक्ष बनाइनेछ।
- आमा तथा नवजात शिशु कार्यक्रमलाई प्रभावकारी रुपमा प्रदान गर्न नौबिसे, छत्रेदेउराली र जीवनपुरमा रहेको बर्थिङ सेन्टरहरुको प्रवर्धन/स्तरोन्नती गरी सेवा प्रदान गरिनेछ।
- बर्थिङ सेन्टर रहेको स्वास्थ्य संस्थामा सुत्केरी हुन आउने महिलाहरुलाई जाउलो र भित्रि कपडा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका कार्यक्रमलाई प्रभावकारी बनाउन, प्रोत्साहित गर्ने, क्षमता अभिवृद्धि गर्न तालिम प्रदान गर्ने साथै अवलोकन भ्रमण गराउने र उमेर हद नाघेका महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरुलाई नगद सम्मानका साथ विदाई गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका कोष सञ्चालन व्यवस्थापनको लागि अनुदानको व्यवस्था गरिएकोछ
- अन्तराष्ट्रिय स्वास्थ्य स्वयम सेवक दिवस डिसेम्बर ५ तारिखका दिन नगर स्तरीय महिला सामुदायिक स्वास्थ्य स्वयम् सेवक दिवस तथा अन्य स्वास्थ्य दिवसहरु मनाउने कार्यलाई निरन्तरता दिइनेछ।

- आ.व.०७८/०७९ बाट सञ्चालित विशेषज्ञ चिकित्सकिय स्वास्थ्य सेवा कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ ।
- जटिल रोग लागेका विपन्न नागरिकहरुलाई उपचार सहयोग कार्यक्रम मार्फत आर्थिक सहयोग प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- यस नगरपालिका अन्तर्गत रहेका अस्पताल, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु र नागरिक आरोग्य सेवा केन्द्रबाट आमनागरिकहरुलाई निःशुल्क रुपमा वितरण गरिने अत्यावश्यकिय सूचिकृत गरिएका औषधीहरु नियमित आपुर्ती गर्ने नीति लिईएकोछ ।
- यस नगरपालिका भित्र रहेका साविकका ३ वटा स्वास्थ्य चौकीहरुमा सञ्चालित प्रयोगशालाहरुबाट प्रदान भइरहेको प्रयोगशाला जाँच सेवालाइ गुणस्तरीय र भरपर्दो बनाउन प्रयोगशालाको प्रवर्द्धन स्तरोन्नती गरिनेछ साथै प्रयोगशाला जाँच सेवामा आवश्यक पर्ने रिएजेन्ट खरिद गर्न वजेटको व्यवस्था गरिएकोछ ।
- स्वास्थ्य संस्थाबाट प्रदान गरिएका सेवाहरु व्यवस्थित गर्न, स्वास्थ्य संस्थाहरुमा e–HMIS software जडान गर्न, मासिक रुपमा डाटाहरुको भेरिफिकेशन गर्न, समिक्षा गर्न तथा ई-रिपोर्टिङ गर्न वजेटको व्यवस्था गरिएकोछ
- माहामारीको रुपमा फैलिन सक्ने कोभिड-१९, डेङ्गु , स्क्रब टाइफस, औलो जस्ता रोगहरुको संक्रमण रोकथाम तथा नियन्त्रणको लागि नौविसे छत्रेदेउराली र जिवनपुर स्वास्थ्य चौकीहरुबाट एन्टिजेन परीक्षण कार्य नियमित रुपमा गर्ने व्यवस्था गरिएकोछ ।
- आ.व.२०७८/०७९ बाट सञ्चालित 'नवजात शिशुसँग मेयर कार्यक्रम'लाई निरन्तरता दिइनेछ ।
- आ.व.२०७८/०७९ बाट सञ्चालित सुत्केरी आमासँग उपमेयर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- यस नगरपालिका अन्तर्गत सञ्चालित स्वास्थ्य चौकीहरुबाट प्रदान भइरहेको स्वास्थ्य सेवाहरुको सामाजिक परिक्षण गरिनेछ ।
- नेपाल आँखा कार्यक्रम तिलगंगा आँखा प्रतिष्ठानसँगको साझेदारीमा प्राथिमक आँखा उपचार सेवा शुरु भएकोले यसलाई निरन्तरता दिईनेछ साथै यसै आ.व देखि दन्त उपचार सेवाको समेत शुरुवात गरिनेछ।
- राष्ट्रिय स्वास्थ्य विमा कार्यक्रममा आवध्द हुन नसकेका विपन्न नागरिकहरुलाई पहिलो पटकको Premium बापतको रकम भुक्तानी गरी राष्ट्रिय स्वास्थ्य विमा कार्यक्रममा आवध्द गराईनेछ ।
- स्वास्थ्य सेवा प्रदायक स्वास्थ्यकर्मी/कर्मचारीहरुको मनोवल उच्च राख्न उत्कृष्ठ स्वास्थ्यकर्मी/कर्मचारीहरुको छनोट गरि पुरस्कार प्रोत्साहनको व्यबस्था गरिनेछ ।
- यस नगरपालिका अन्तर्गत रहेका तीनवटा स्वास्थ्य चौकीहरु र ६ वटा अधारभूत स्वास्थ्य सेवा केन्द्रहरु मध्ये एउटा स्वास्थ्य चौकी र एउटा अधारभूत स्वास्थ्य सेवा केन्द्र छनोट गरी नगर भित्रको नमूना स्वास्थ्य चौकी तथा अधारभूत स्वास्थ्य सेवा केन्द्र घोषणा गर्न पूर्वाधार तयार गरी  नमूना स्वास्थ्य चौकी तथा अधारभूत स्वास्थ्य सेवा केन्द्र घोषणा गर्ने नीति लिईएकोछ ।
- साविकका नौविसे र छत्रेदेउराली स्वास्थ्य चौकीहरुबाट थर्मल थेरापी सेवाको शुरुवात गरिएकोछ ।
- लक्षित वर्गका (जेष्ठ नागरिक, अपाङ्ता भएका ,कडा रोग लागेका विपन्न नागरिक, सुत्केरी महिलाहरुलाई) नागरिकहरुलाई निःशुल्क रुपमा तथा अन्य विरामीहरुलाई न्युनतम शुल्क लिई सहज रुपमा अस्पतालसम्म ल्याउने/लैजाने व्यवस्थाका लागि यस नगरपालिका अन्तर्गत स्वास्थ्य चौकीहरुबाट सञ्चालित एम्वुलेन्स सेवालाई नियमितता दिईएकोछ ।
- पोषण मैत्री स्वास्थ्य संस्था तथा स्थानीय तह घोषणाका लागि पूर्वाधारहरु तयार गर्दै लगिनेछ ।

- उपभोक्ता हित संरक्षणका लागि खाद्य गुणस्तर निगरानी सम्बन्धी अभिमुखिकरण, बजार अनुगमन तथा खानेपानी गुणस्तर परीक्षण गर्ने नीति लिईएकोछ ।
- एक विद्यालय एक नर्स कार्यक्रम प्रभावकारी रहेकाले विद्यालय नर्सहरुलाई आफु कार्यरत विद्यालय बाहेक छिमेकी अन्य विद्यालयहरुमा आलोपालो मिलाई परिचालन गर्ने नीति लिईएकोछ ।
- महामारी तथा विपद व्यवस्थापनका लागि द्रुत प्रति कार्य टोली (Rapid Response Team) लाई तालिम प्रदान गरी दक्ष बनाई तयारी अवस्थामा राखिनेछ साथै स्वास्थ्य क्षेत्रको Contingency Plan तयार गरिनेछ ।
- यस नगरपालिका भित्र घरमा प्रसुती हुने अवस्थालाई अन्त्य गरी शुन्य होम डेलिभरीको सुनिश्चितता गरिनेछ
- स्वास्थ्य सेवालाई विशेषज्ञ सेवासँग जोड्नको लागि नगर अस्पतालमा टेलिमेडिसिन सेवाको शुरुवात गरिनेछ
- स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुमा कार्यरत स्वास्थ्यकर्मीहरु विद्यालयमा उपस्थित भई छात्रछात्राहरुलाई प्रतिकारात्मक तथा प्रवर्द्धनात्मक स्वास्थ्य सेवा बारे सकारात्मक व्यवहार परिवर्तन सञ्चार कार्यक्रम सञ्चालन गरिनेछ ।
- नागरिक आरोग्य सेवाका कार्यक्रमहरु समुदायतह सम्म विस्तार गरिनेछ साथै जीवनविज्ञान र योग अभ्यास कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- पोषण कार्यक्रम अन्तर्गत वृद्धि अनुगमन कार्यलाई प्रभावकारी बनाउन आमाहरुलाई प्रोत्साहन स्वरुप बेबि हेल्थ किट वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**कृषि तर्फको नीति**

- स्थानिय उत्पादन र उत्पादकत्व वृद्धिको लागि सम्भावना भएका उपयुक्त कृषि प्रविधिहरुको विकास र उपयोगबाट कृषि उत्पादन र उत्पादकत्व  बढाउन जोड दिइने छ ।
- नगरको भू–उपयोग प्रणालीको उपयोग गरी उर्वर कृषि भूमीलाई गैर कृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिने छ ।
- राजमार्ग र सहायक मार्गहरुको आसपासमा सम्भाव्य क्षेत्रहरुमा बढी मुल्य जाने कृषि वस्तुको पकेट तथा मोडेल फर्महरुको विकासमा विशेष प्राथमिकता दिइनेछ ।
- एक वडा, एक कृषि उत्पादन नीति अवलम्बन गरिनेछ ।
- भौगोलिक क्षेत्रको आधारमा स्थानीय तथा उन्नत बीउ, बेर्ना, विरुवा उत्पादन गर्ने गुणस्तरीय स्रोत केन्द्र निर्माण गरि संचालन गरिने छ ।
- कृषि प्राविधिक जनशक्ति उत्पादनको लागि कृषि कलेज स्थापना तथा कृषि पढ्ने विद्यार्थीलाई प्रोत्साहन गरिने छ ।
- कृषिमा निजी लगानी वृद्धि गर्न उचित वातावरणको सृजना गरी नीतिगत तथा संरचनागत सुधार कार्यक्रम संचालन गरिने छ ।
- नगरको समग्र कृषि विकासको लागी तिनै तहको समन्वय सहकार्य र साझेदारीमा कार्यक्रम संचालन गरिने छ ।
- गैर कृषिमा आवद्ध नागरिकलाई कृषिमा आर्कषण गर्न आवश्यक नीति निर्माण गरि आकर्षित गरिने छ ।
- नगरको खाद्य तथा पोषण असुरक्षित क्षेत्र र समूहका नागरिकको एकिकृत योजना सहित खाद्य संकट समाधान गर्न आवश्यक व्यवस्थापन मिलाइनेछ
- धुनिवेशी नगरपालिकामा बेमौसमी तरकारी  उत्पादनको लागी क्षेत्र विस्तारको गरिने छ ।
- Smart Soil GIS र The Green Grow ground plan बनाई कृषि उत्पादनलाई प्रर्वधन गरिनेछ ।

- नगरपालिकामा कृषि तालिम केन्द्र र कृषक सिकाई केन्द्र स्थापना गर्ने कार्यको शुरुवात गरिनेछ ।
- व्यवसायिक कृषक र नगरमा दर्ता भएका कृषक समूहका सदस्यलाई सीप सिकाई तथा आधुनिक खेती प्रविधि विकासको आवश्यक व्यवस्था मिलाईनेछ ।
- नगरको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषिको विकास, व्यवसायीकरण र यान्त्रिकरणको लागी ग्रिनहाउस निर्माण, यान्त्रिकरण प्रविधिहरु प्रसारमा अनुदान सहयोग गरिने छ ।
- फलफूलको क्षेत्र विकास र विस्तार निर्यात गरिने छ ।
- रैथाने बालीको संरक्षण, प्रवर्द्धन ,उत्पादन तथा बजारीकरण गर्न आवश्यक पहल गरिने छ ।
- कृषकहरुको सूचीकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ । वर्गीकरण सहितको कृषक परिचयपत्र वितरण गरी सुचीकृत किसानहरुलाई मात्र नगरपालिकाले अनुदान उपलब्ध गराईनेछ ।
- साना सिचाईका पूर्वाधारहरु जस्तै ड्रीप, स्प्रिङकलर, प्लाष्टिक पोखरी, ढलान पोखरी, पाईप आदिको निर्माण, मर्मत तथा जडानमा लक्षित वर्गलाई विशेष सुविधा दिईनेछ ।
- माटोको जैविक गुणमा ह्रास आउन नदिन प्राङ्गारिक खेती गर्ने कृषकहरुलाई प्रोत्साहन गर्नुको साथै प्राङ्गारिक मलको उत्पादन तथा प्रयोग प्रवर्द्धनलाई समेत प्रोत्साहन गरिनेछ ।
- नगरको आवश्यकता र प्राथमिकता अनुरुपको कृषि बजारका भौतिक संरचना एंवम् पूर्वाधार निर्माणमा जोड दिईनेछ ।
- कृषियोग्य भूमिको संरक्षण, बाँझो जमिनको उपयोग, चक्लाबन्दी र सामुहिक तथा करार खेतीलाई प्रवर्द्धन गरिनेछ ।
- नगरपालिकामा स्थापना भएको पुष्प स्रोत केन्द्र नर्सरीको प्रभावकारीतामा अभिवृद्धी हुने गरी नर्सरी प्रवर्धन गरिनेछ ।

**<u>पशु सेवा तर्फको नीति</u>**

- नगर पशु स्वास्थ्य सेवालाई थप प्रभावकारी र समान पहुँचमा पुर्याउन सेवा केन्द्र संचालन, रोग निदान प्रयोगशाला निर्माण, नगरमा रहेका पशु प्राविधिक जनशक्ति परिचालन एवं व्यवस्थापनको नीति अवलम्बन गरिनेछ ।
- निजि पशु स्वास्थ्य सेवालाई व्यवस्थित, कृषकमैत्री तथा थप प्रभावकारी बनाउन सो को आवश्यक नियमन तथा क्षमता अभिवृद्दीको कार्य गर्ने नीति अवलम्बन गरिनेछ।
- पशु स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन घुम्ती पशु शिविर संचालन गरिनेछ ।
- नगर भित्रका छाडा कुकुरको समस्या समाधान सहित जनस्वास्थ्य प्रवर्द्धन गर्न रेबिज खोप तथा बन्ध्याकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- व्यवसायिक मासु उत्पादन तथा दुग्ध उत्पादन गर्न मासु पसल तथा डेरी उद्योगलाई आवश्यक सुधार सहित स्वस्थ्यकर उत्पादनका लागि नियमन तथा आवश्यक अनुगमन कार्य संचालन गर्ने नीति लिइनेछ
- नगरपालिकाले पशुको आहारा सुनिश्चितता हेतु घाँस/ डालेघाँसको विऊ विरुवाको विउ तथा विरुवा नि:शुल्क वितरण गरिनेछ ।
- न्यून आय भएका बिपन्न लक्षित गरी पशुपालन सम्बन्धी आय आर्जनको कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।
- पशु पन्छीमा फैलिन सक्ने सरुवा तथा महामारी रोग नियन्त्रण व्यवस्थापन को लागि पुर्व तयारी , रोग निदान तथा रोकथामको निर्माण गरिनेछ ।

- गाई भैंसी, बाखा, बंगुर लगायतका पशुहरुमा खोप कार्यक्रम संचालन गरिनेछ ।
- गाई भैंसीको नश्ल सुधार र उत्पादकत्व वृद्दीको लागि कृतिम गर्भाधानको कार्यक्रम संचालन गरिनेछ ।
- नगरवासीलाई स्वास्थ्य दुध उपलब्ध गराउन दुधलाई प्रसोधन (पास्चराइजेसन) गरी बेचबिखन गर्ने गर्ने नीति अवलम्वन गरिनेछ ।
- मासु पसल तथा डेरी/दुग्ध संकलन केन्द्रको नियमित बजार अनुगमन गरी गुणस्तर सुधार गरिनेछ ।
- गाई, भैंसी तथा बाखा पालक कृषकलाई हुन सक्ने क्षति न्यूनीकरण गर्न पशु वीमा कार्यक्रम विस्तार गरिनेछ ।
- पोषणयुक्त घाँस उत्पादनका लागि डालेघाँस/भुइघाँसको विउ वितरण कार्यलाई निरन्तरता दिँदै व्यवसायिक साइलेज, हे जस्ता घाँसजन्य पशु आहारा उत्पादनलाई प्रोत्साहन गरिनेछ ।
- साना, एकल महिला तथा निर्वाहमुखी पशुपालक किसानलाई सुधारिएको गोठ, आधुनिक खोर निर्माणमा अनुदान दिने व्यवस्था गरिनेछ ।
- पशुपन्छी शाखाबाट पहिले प्रदान गरिएका अनुदानको प्रभावकारितालाई अध्ययन गरी सही मुल्यांकनको आधारमा अनुदान कार्यक्रमलाई संचालन गर्दा सूचिकृत भएका कृषकहरुलाई प्राथमिकता दिइनेछ ।
- पशुमा देखा परेका संक्रामक रोगहरु नियन्त्रणका लागि आवश्यक अभियान संचालन गरिनेछ ।
- पशु र मानवबीच सर्ने जुनोटिक रोग (जस्तै रेबिज, धनुष्टंकार, क्षयरोग, सिस्टिसर्कोसिस, ब्रुसेलोसिस इत्यादि) को स्क्रिनिंग, परीक्षण तथा नियन्त्रण र रोकथामको लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

## शिक्षा, यूवा तथा खेलकुद सम्बन्धी नीति

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउने कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।
- **"शिक्षामा सुधार प्रगतिको आधार"** भन्ने नारालाई चरितार्थ गर्दै शिक्षामा समय सापेक्ष लगानी बढाउदै लगिनेछ ।
- स्थानीय सरकार, समुदाय र विकासका साझेदारहरुसँगको सहकार्यबाट शिक्षाको गुणस्तर अभिवृद्धि गरिनेछ ।
- बाल विकाससँग सम्बन्धित सिकाइ सामग्रीको स्तर तथा सान्दर्भिकता सुनिश्चित गरी त्यसलाई बालबालिकाको स्तर अनुरुप बनाइनेछ ।
- विद्यालयको अवस्था, शिक्षक दरबन्दी संख्या र साविकमा शिक्षक दरवन्दी नपाएका विद्यालयलाई निश्चित मापदण्डको आधारमा नगरपालिकाको श्रोतबाट शिक्षकको व्यवस्थापन गरिएकोमा त्यसलाई निरन्तरता दिइने छ र आवश्यक्ताका आधारमा क्रमश शिक्षक थप गरिनेछ ।
- गुणस्तरीय शिक्षा प्रदान गर्न योग्य शिक्षक भित्राउन नगर अनुदानमा नियुक्त शिक्षकको समय सापेक्ष रुपमा सेवा सुविधा थप गरिनेछ
- नगर शिक्षा समितिलाई क्रियाशील बनाइ शैक्षिक कार्यक्रम कार्यान्वयन र अनुगमन गर्न जिम्मेवार बनाईनेछ।
- शिक्षकहरुको पेशागत विकासको लागि माग तथा आवश्यकताको आधारमा छोटा अवधिका क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।
- उत्कृष्ट विद्यालय, शिक्षक तथा कर्मचारी र विद्यार्थीलाई प्रोत्साहन तथा सम्मान गरिनेछ ।
- विद्यालयको भौतिक पूर्वाधारको विकासमा सुधार तथा अपांगमैत्री, छात्रामैत्री र सिकाइमैत्री बनाइनेछ ।
- विद्यालयको व्यवस्थापन सुधार गर्न विव्यस र शिक्षक अभिभावक संघलाई जिम्मेवार बनाइनेछ ।
- विद्यालयको व्यवस्थापन सुधार तथा शैक्षिक उपलब्धी अभिवृद्धिका लागि प्रधानाध्यापकहरुसँग कार्यसम्पादन करारको व्यवस्था लागु गरिनेछ ।
- कक्षा १२ सम्म निःशुल्क पाठ्यपुस्तक वितरण कार्यक्रमलाई सहजीकरण गरिनेछ ।

- दलित, छात्रा, गरिब तथा जेहेन्दार विद्यार्थीहरुको लागि आवश्यकताका आधारमा छात्रवृत्ति तथा तोकिएको समूहलाई दिवा खाजा कार्यक्रमको व्यवस्था गरिनेछ ।
- उच्च शिक्षामा छात्रा त्यसमा पनि बुहारीहरुको संलग्नता बढाउन प्रोत्साहन गरिनेछ ।
- माध्यमिक तहसम्म पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर प्रयोगशालालाई समय सापेक्ष सुधार गरी प्रभावकारी विद्यार्थीको सिकाइका लागि प्रयोगमा ल्याइनेछ ।
- मच्छिन्द्र मा.वि.मा सञ्चालनमा रहेको आवासीय विद्यालय कार्यक्रमलाई निरन्तरता दिइ आवश्यकताको आधारमा अन्य विद्यालयमा समेत सञ्चालन गरिनेछ।
- शिक्षकहरुलाई आफ्नो पेसाप्रति उत्प्रेरणा जगाउनको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । साथै शिक्षकलाई प्रविधिमैत्री बनाउन जोड दिइनेछ ।
- नगर भित्रका शैक्षिक गतिविधिलाई समेटी शैक्षिक बुलेटिन प्रकाशन गरिनेछ
- सबै सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको व्यक्तिगत अभिलेख व्यवस्थित गरिनेछ।
- विद्यालयको सुन्दरता बढाउन विद्यालय हाताभित्र फुलबारी तथा करेसावारी निर्माण गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ । यस कार्यका लागि धुनिवेशी कृषि शाखा तथा अन्य सघ सस्थासँग समन्वय गरिनेछ ।
- नगरभित्रका सामुदायिक माध्यमिक विद्यालयहरुमा **एक विद्यालय एक नर्स**कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- **"हाम्रो विद्यालय बालमैत्री विद्यालय"**बनाउनको लागि विद्यालयमा बाल उद्यान निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- **"धुनिवेशीको चाहना समृद्ध नगरको भावनालाई"**पूरा गर्न दक्ष जनशक्ति उत्पादनमा टेवा पुर्याउन प्राविधिक शिक्षालाई जोड दिइनेछ ।
- **"शुद्ध पानी स्वस्थ बालबालिका"**भन्ने नारालाई आत्मसात गर्दै प्रत्येक विद्यालयमा शुद्ध खानेपानी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- **"हाम्रो विद्यालय पोषणमैत्री विद्यालय"**बनाउनको लागि विद्यालयमा दिवा खाजा कार्यक्रममा स्थानीय खाद्यवस्तुहरुलाई प्राथमिकता दिइनेछ।
- **"हाम्रो विद्यालय राम्रो विद्यालय"**बनाउन विद्यालयमा सरसफाइ र हरियालीलाई जोड दिईनेछ ।
- विपन्न तथा असहाय विद्यार्थीहरुको लागी सहयोग कार्यक्रम सञ्चालन गरिनेछ
- समाजमा विद्यमान गरिबी, अशिक्षा, छुवाछुत, भेदभाव, लैङ्गिक हिंसा तथा अमानवीय कार्यको अन्त्यका लागि युवाहरुलाई परिचालन गरिनेछ ।
- युवामा नैतिकता, चारित्रिक गुण एवम् अनुशासनको विकास गरी समाज प्रति दायित्व बोध गराइनेछ ।
- खेल क्षेत्रको विकास र विस्तारको लागि नगरस्तरीय खेलकुद विकास कार्यक्रम मार्फत् विभिन्न खेलकुद प्रतियोगिताहरुको आयोजना गरिनेछ ।
- नगरपालिका स्तरमा मेयर कप खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।
- राष्ट्रपति रनिङसिल्ड खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- **"स्वास्थको लागि खेलकुद राष्ट्रको लागि खेलकुद"**भन्ने नारालाई आत्मसात गर्दै खेलाडी सम्मान कार्यक्रमलाई अगाडी बढाइनेछ ।
- नगरपालिका भित्रका विद्यालयहरुमा खेलकुद तथा सिकाइ उपलब्धी वृद्धि गर्न प्रति विद्यार्थी संख्याको आधारमा अनुदान प्रदान गरिनेछ।
- एउटा बालविकास केन्द्रमा ३० जना भन्दा बढी बालबालिका भएमा बाल विकास शिक्षक थप गरिनेछ ।
- मेयरसँग शिक्षक, विद्यार्थी कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय जाने उमेर समूहका कुनै पनि बालबालिका विद्यालय बाहिर नरहेको सुनिश्चितता गरिनेछ ।
- विद्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिकाहरुलाई विद्यालयमा ल्याउनको लागि प्रयास गरिनेछ ।
- शिक्षालाई जीवनसँग जोड्न कक्षा ८ देखि विद्यार्थीहरुको वृत्ती मार्गनिर्देशन कार्यक्रम सञ्चालन गरिनेछ ।

- अस्थायी प्रकृतिका शिक्षक तथा विद्यालय कर्मचारीको पदपूर्ति कार्यलाई प्रभावकारी बनाउन नगरपालिकाबाट छनोट प्रक्रिया सञ्चालन गरिनेछ ।
- कुनै शिक्षक लामो समय बिदामा बस्नुपरे सट्टा शिक्षकको व्यवस्था गरिनेछ
- विद्यालय बस सञ्चालनमा सहजीकरण गरिनेछ ।
- राज्यकोषबाट सुविधा उपभोग गर्ने नागरिकका सन्तानलाई नजिकको सामुदायिक विद्यालयमा अध्ययन गराउन जोड दिइनेछ ।
- नीजि क्षेत्रको साझेदारीमा धुनिवेशी खेलमैदान र धुनिवेशी पार्क संचालन एवं व्यवस्थापन गर्न प्रोत्साहन गरिनेछ ।

## राजश्व सम्बन्धी नीतिहरू

- आगामी आ.व. २०८२/०८३ लाई राजश्व संकलनको दायरा अभिवृद्धि गरि कर असुली अभियान वर्षको रुपमा संचालन गरिनेछ ।
- बहाल कर अनिवार्य तिर्न प्रोत्साहित गर्दै एकिकृत सम्पतिकर, नक्सापास, बैंङ्किङ जस्ता सेवासँग आवद्ध गरिनेछ
- उद्योगी व्यवसायीहरुलाई प्रोत्साहन गर्नको लागि तोकिएको समयमा तोकिएको कर दाखिला गरेमा तोकिएको दरमा कर छुट दिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- उद्योग व्यवसायहरुको पुँजी लगानीको आधारमा व्यवसाय कर निर्धारण गरिदै आएकोमा त्यसलाई निरन्तरता दिईनेछ ।
- नगरपालिकामा संचालनमा रहेका तर दर्ता नभएका साना, ठुला उद्योग व्यवसायहरुलाई नियमानुसार दर्ता प्रक्रियामा ल्याईनेछ ।
- करको दायरामा आएका तर व्यवसाय दर्ता प्रमाणपत्र नलिएका व्यवसायीहरुलाई दर्ता प्रमाणपत्र प्रदान गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।
- राजश्व प्रशासन सुधारको लागि आवश्यक कानुनको निर्माण गरी राजस्व सुधार-कार्ययोजनालाई कार्यान्वयनमा ल्याईनेछ ।
- राजश्व संकलन कार्यलाई थप प्रभावकारी बनाउन घुम्ती टोली गठन गरी सबै वडामा परिचालन गरिनेछ ।
- राजश्व संकलन कार्यमा संलग्न नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा कार्यरत कर्मचारीलाई आवश्यक तालिमको व्यवस्था मिलाईनेछ ।
- उद्योग वाणिज्य संघको सहकार्यमा करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
- सबै प्रकारका व्यवसायहरुलाई करको दायरा ल्याईनेछ ।
- राजश्वसँग सम्बन्धित तथ्याङ्क प्रणालीलाई व्यवस्थित गरिनेछ ।
- करको दायरा विस्तार गरी करदाताको विवरण अध्यावधिक गरिनेछ ।

## महिला वालवालिका तथा जेष्ठ नागरिक सम्बन्धी नीतिः-

- विपन्न, दलित , आदिबासि ,सिमान्तकृत तथा लोपोन्मुख समुदाय , अपाङ्गता तथा अशक्त भएका समुदायहरुका लागि बिशेष संरक्षणका कार्यक्रमहरु संचालन गरिनेछ ।
- महिला बिरुद्ध हुने सबै किसिमका भेदभाव, कुरीति , हिंसा अन्त्य गर्न, महिला जागरण तथा बित्तिय साक्षरता ,कानूनी साक्षरता , सशक्तिकरणका कार्यक्रम वडा तहबाट समेत संचालन गरिनेछ ।
- महिलाहरुका लागि सीप तथा क्षमता अभिबृद्धिका तालिम संचालन गरिनेछ ।
- बिभिन्न रुपले हिंसामा परेका महिलाहरु लागि सुरक्षित आवास घर ( सेफ हाउस ) मा बस्ने व्यबस्था मिलाइनेछ ।

- समाजमा रहेका लैंगिक हिंसा , मानब बेचबिखन तथा ओसार पसार , लागु पदार्थको दुर्व्यसन बिरुद्ध सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- दलित तथा जनजाति उत्थानको लागि सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम गरिनेछ । साथै नगरक्षेत्र भित्र सबै खाले छुवाछुत  सामाजिक तथा लैंगिक विभेदलाई अन्त्य गर्न आबश्यक कार्यक्रम संचालन गरिनेछ
- बहिष्करणमा परेका, अपहेलीत भएका, बेबारिस अबस्थामा रहेका , आर्थिक तथा समाजिक रुपले कमजोर भएका जेष्ठ नागरिक , पूर्ण अशक्तता , अति अशक्तता भएका व्यक्तिःहरुका लागि बृद्ध बद्धा बिश्राम सेवा केन्द्र संचालनमा ल्याईनेछ ।
- बालबिबाह बिरुद्धको अभियान तथा बालसंरचनाहरुको पहिचान गरी संचालनमा ल्याईनेछ ।
- बिभिन्न संघ सस्था सँगको समन्वय र सहकार्यमा पिछडिएको क्षेत्र बर्गका महिलाहरुका  लागि आयआर्जनका कार्यक्रम गरिनेछ ।
- भौतिकपुर्वधार निर्माण गर्दा महिलामैत्री , अपाङ्गतामैत्री , जेष्ठनागरिकमैत्री  बनाईनेछ  ।
- बालबालिकाको प्रतिभा तथा क्षमताको सम्मान गरिनेछ ।
- बालमैत्री शासन प्रणलिलाई प्रथमिकता दिईनुको साथै नगरपालिकाले निर्धारण गरेको लक्ष्य भित्र बालमैत्री घोषणको लागि आबश्यक कार्यक्रम अगाडि बढाईनेछ ।
- अपांगता भएका व्यक्तिहरुका लागि सचेतनाका कार्यक्रम संचालन गरिनेछ
- विभिन्न अपांगता भएका संघ⁄ संस्थाहरुको साझेदारीमा सीप तथा क्षमता विकासका कार्यक्रम गरिनेछ ।
- बेबारिसे ,बाबुआमा बिहिन ,बिपन्न तथा अशक्त बालबालिकाको सुरक्षा तथा संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।
- यौनिक तथा लैंगिंक अल्पसंख्यक बर्गको पहिचान गर्ने र सो बर्गको हकहितको लागि आबश्यकता अनुसार सचेतनात्मक कार्यक्रम गरिनेछ ।
- बालश्रम बिरुद्धको अभियान, बालयौन दुर्रव्यबहार बरुद्ध सचेतनात्मक कार्यक्रम संचालन गरिनेछ ।
- एकल महिलाको पहिचान तथा संरक्षण गरी सीप मूलक तथा आयआर्जनका कार्यक्रममा जोड दिईनेछ ।
- बालसंजाल गठन तथा बालकल्ब व्यबस्थापन लाई प्रभाबकारी बनाईनेछ ।

**<u>सामाजिक न्याय, समावेशीकरण, गरिवी निवारण तथा कला संस्कृति सम्बन्धी नीतिः-</u>**

- सिपमुलक एवम् व्यवसायिक तालिम प्रदान गरी यूवाहरुमा सिर्जनात्मक क्षमताको अभिवृद्धि गरी रोजगारी सृजना हुने कार्यक्रम ल्याइनेछ ।
- भौगोलिक विकटता भएका क्षेत्रका बासिन्दा, पिछडा वर्ग र दलित समुदायका व्यक्तिहरुलाई आर्थिक रुपले सवल बनाउन **"एक गाउँ, एक उत्पादन"** को अवधारणा अगाडी ल्याइनेछ ।
- नगर क्षेत्र भित्र सबै खाले छुवाछुत, सामाजिक तथा लैंगिक विभेदलाई अन्त्य गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- नगरस्तरीय सांस्कृतिक केन्द्र स्थापनाको लागि पहल गरिनेछ ।
- जनसहभागिताको माध्यमबाट ग्रामीण गरिवी न्यूनीकरण एवम् सामाजिक पूँजी निर्माणमा जोड दिइनेछ ।

**<u>सहकारी सम्बन्धी नीतिः-</u>**

- देशको संबैधानिक व्यवस्था तथा तीन तहका सरकारका वीच भएको अधिकारको बाँडफाँडका आधारमा सङ्घीय सहकारी ऐन, २०७४ का आधारमा धुनिवेशी नगरपालिका सहकारी ऐन, २०७४ क्रियाशिल रहेको छ

। यसै ऐन अन्तर्गत धुनिवेशी नगरपालिका मात्र कार्य क्षेत्र भएका सहकारीहरुको दर्ता, अभिलेख व्यवस्थापन, नियमन, प्रवर्द्धनका काम नगरपालिकावाट हुँदै आएका छन् । नगर र नगरवासीको आर्थिक तथा सामाजिक विकासका लागि तीन खम्बे अर्थनीतिको सारलाई ग्रहण गर्दै सहकारी क्रियाकलापहरुलाई सोही अनुरुप अगाडि वढाउन नगरपालिकाले उत्प्रेरकको भूमिका निर्वाह गरिरहेको छ ।

- सहकारी ऐन, नियमावलीका आधारमा सबै सहकारी संस्थाहरुको नियमित प्रतिवेदन लिने, स्थलगत अनुगमन, वार्षिक साधारण सभा, आवधिक निर्वाचनमा सहजिकरण गर्ने कार्यलाई आगामि वर्षमा थप प्रभावकारी बनाईनेछ ।
- सहकारी क्षेत्रलाई अर्थतन्त्रको एक महत्वपूर्ण स्तम्भका रुपमा विकास गरी सबै सामाजिक तथा आर्थिक क्षेत्रमा सहकारिताको भावना विकास गर्ने गरी नेपाल सरकारवाट भर्खरै सार्वजनिक गरिएको नीतिलाई आत्मसात गर्दै आ.व.२०८२।०८३ मा सहकारी क्षेत्रको नियमन, प्रवर्धन र प्रशिक्षणका विशेष कार्यक्रमहरु संचालन गरिनेछन् । यसमा सहकारी संघहरु, सहकारी बैंक समेत सहकार्य गरिनेछ ।
- आर्थिक विकासका लागि सहकारी संस्थाहरुको भूमिकालाई नेपालको संविधान तथा नेपाल सरकारले आफ्नो नीति तथा कार्यक्रममा पनि उच्च स्थान दिएको छ । अतः सहकारी तथा सहकारिताको विकासवाट समृद्ध धुनिवेशी निर्माणको महाअभियानमा ठोस टेवा पुग्ने विश्वासका साथ कार्यक्रम, कार्ययोजनाहरु प्रस्ताव गरिएको छ । धुनिवेशी नगरपालिका सहकारी ऐन, २०७४ वमोजिम सहकारीका क्षेत्रमा गर्नै पर्ने कार्यहरुलाई आ.व.२०८२।०८३ को कार्यक्रममा समावेश गरी आवश्यक वजेट समेत विनियोजन गरिएको छ । यसले आम नगरवासी सहकारी सदस्य तथा सहकारीकर्मीहरुको आशा र अपेक्षालाई सम्वोधन गर्ने विश्वास गरिएको छ ।
- सहकारी तथा गरिबी निवारण व्यवस्थापन सूचना प्रणाली (COPOMIS) सफ्टवेयरलाई नेपाल सरकारले तय गरेको नीति तथा कार्यक्रम अनुसार सम्वन्धीत विभागसँग समन्वय गरी आगामि ३ महिना सबैलाई अनिवार्य गरिनेछ । आगामि आ.व.२०८२।०८३ मा सहकारी सम्वन्धी आवश्यक नयाँ कानून, नीति निर्माण तथा अद्यावधिक गरी आवश्यक व्यवस्था मिलाईनेछ । धुनिवेशी सहकारी संघ सहित सहकारी अभियानसंग सहकार्य गरी सहकारी संस्थाहरुको तर्फवाट नगरपालिका, नगरवासी तथा आफ्नो समुदाय प्रति रहेको सामाजिक उत्तरदायित्व वहन गर्ने कार्यलाई पारदर्शी, व्यवस्थित तथा प्रभावकारी वनाइने छ । संघ, सहकारी बैंक तथा नगरपालिकाको सहभागितामा संयुक्त कार्यक्रम तथा कोष निर्माण तथा परिचालनका लागि आवश्यक तयारी कार्य गरिनेछ ।
- सहकारी ऐनलाई थप स्पष्ट र प्रभावकारी बनाउन, ऐन वमोजिम सहकारी संस्थाहरुको कार्य सम्पादनका आधारमा लगाइने कर, जरिवाना लगायतका प्रावधानलाई पूर्व अनुमानयोग्य बनाई कार्यान्वयनमा ल्याउन आवश्यक प्रशासनिक व्यवस्था मिलाईनेछ । यसले स्थानीय स्तरमा सुशासन कायम गर्न टेवा पुर्याउनेछ ।

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

**पूर्वाधार विकास सम्बन्धी नीतिः-**

**"दिगो पूर्वाधार, समृद्ध नगरको आधार"**

- पूर्वाधार निर्माण गर्दा सार्वजनिक, निजी, सामुहिक लागत साझेदारी तथा बाह्य श्रोत परिचालनमा प्राथमिकता दिइनेछ ,
- बस्तीस्तरबाट माग भई आएका, प्रत्यक्ष रोजगारी सिर्जना हुन सक्ने, वातावरणमा कम असर पर्ने, लागत साझेदारीमा संचालन हुन सक्ने, कम लागतमा बढी जनसंख्या लाभान्वित हुनसक्ने, श्रममुलक तथा क्रमागत योजनाहरु कार्यान्वयनमा प्राथमिकता दिईनेछ
- भवन निर्माण, शहरी तथा वस्ति बिकासको कार्यलाई मापदण्ड अनुरुप व्यवस्थित गरिनेछ सार्वजनिक तथा सडक क्षेत्राधिकार भित्रको जग्गा अतिक्रमण गर्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ
- वस्ती विकास योजना तर्जुमा गर्न आवश्यक पहल गरिनेछ वस्ती विकास कार्यक्रम संचालन हुने क्षेत्र भित्रका सार्वजनिक, पर्ति जग्गाहरुको लगत कट्टा गरि नगरपालिकाको सम्पतिको रुपमा अभिलेखीकरण गरिनेछ
- साझेदार संस्थाहरुको सहयोगमा विधुतीकरण, सौर्य उर्जा, वायु उर्जा लगायत वैकल्पिक उर्जाका कार्यक्रमहरु संचालन गरिनेछ यसका लागि बैंक तथा वित्तीय क्षेत्रको लगानी आकर्षित गर्न आवश्यक पहल गरिनेछ
- निर्माणधिन अवस्थामा रहेका धुनिवेशी पार्क, धुनिवेशी वृद्धविश्रामस्थल, धुनिवेशी खेलमैदान, धुनिवेशी भ्यु टावर, खर्केडाँडा पिकनिक स्पट, प्रशासकीय भवन लगायतका नगर गौरबका योजनाहरुको निर्माण कार्यलाई निरन्तरता दिईनेछ
- आन्तरिक बसपार्क निर्माण गरि नगरबासीको सुबिधालाई ध्यानमा राखी नगर बस सेवा संचालनमा पहल गरिने छ ।
- धुनिवेशी उज्यालो कार्यक्रमलाई प्राथमिकताका साथ निरन्तरता दिईनेछ

**सडक सम्बन्धी नीतिः-**

- सडकको नयाँ ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गर्दै ट्र्याक ओपन भईसकेका सडकको पक्कि संरचना निर्माणमा ७० प्रतिशत र बाँकी ३० प्रतिशत हुने गरी सडक स्तरोन्नति गरिने छ,
- नगरका प्रमुख सडकहरुलाई स्तरोन्नति गरि कालोपत्रे एवं ढलान गर्दै जाने र बाह्रै महिना यातयातका साधनहरु चल्न सक्ने बनाउनको लागि लिक ढलान लगायतका कार्य गरी सडकहरुको स्तरोन्नति, सुधार र मर्मतसम्भार गरिनेछ,
- नगरकेन्द्र देखि वडाकेन्द्र, प्रमुख बजार क्षेत्र तथा कृषि पकेट क्षेत्र जोड्ने गरि सडक संजाल तयार गरी नगर क्षेत्रको चारै तर्फ रिंगरोड निर्माण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ
- प्राथमिकता प्राप्त सडक लगायतका मुख्य पूर्वाधार आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माणको कार्य वस्तुगत आवश्यकताको आधारमा आफ्नै श्रोत, साधन परिचालन गरी निर्माण गर्न प्राथमिकता दिइनेछ,
- भौतिक पूर्वाधारहरु निर्माण गर्दा प्राविधिक मापदण्ड र स्पेशिफिकेशन लाई अनिवार्य गरिनेछ
- सडक यातायात गुरु योजना (MTMP)लाई अध्यावधिक गरिने छ ।
- निर्माण सम्पन्न भएका सडकका दायाँ बायाँ किनारामा वृक्षारोपण गरी हरीयाली प्रर्वधनका प्रर्वधन गरिनेछ ।

**वस्ती विकास तथा नक्सापास सम्बन्धी नीति :-**

- यस धुनिवेशी नगरपालिका सेटेलाईत सिटी (satellite city) को रुपमा विकास भईरहेकोले आवास क्षेत्रलाई व्यवस्थित गराउन निजि क्षेत्रबाट गरिने जग्गा खण्डिकरण र प्लाटिङ गर्नको लागि मापदण्ड निर्धारण गरि व्यवस्थित गरिनेछ

- एकिकृत शहरी वस्ती विकास योजना संचालनको लागि निजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- निजि क्षेत्रले एकिकृत शहरी वस्ती विकास योजना संचालन गर्दा न्युनतम सेवा शुल्क लागाई सहजीकरण गरिनेछ ।
- भवन अभिलेखिकरणलाई निरन्तरता गर्दै भवन निर्माण आचार संहितालाई कडाइका साथ कार्यान्वयन गरि निर्माण भएको घर, टहरालाई नियमन गरि नक्सापासको दायरामा ल्याईनेछ ।नक्सापास गरेर मात्र सेवाग्राहीलाई बिद्युत, खानेपानी लगायत सेवा उपलब्ध हुने व्यवस्था कार्यान्वयनका लागी नक्सा पास अनिवार्य गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र रहेका सरकारी कार्यालयहरुको भवन तथा संरचना निर्माण गर्दा नक्सापास गर्नुपर्ने व्यवस्था गरिनुका साथै पुराना सरकारी संरचनाहरुको अभिलेख राखी राजश्वको दायरामा ल्याइने छ ।

**<u>खानेपानी तथा सरसफाई सम्बन्धी नीतिः-</u>**

- खानेपानीको मुल एवं श्रोत उपलब्ध हुन नसकेका क्षेत्रमा लिफ्ट/डिपबोरिंग जस्ता प्रविधिको उपयोग गरि सर्वसुलभ रुपमा स्वच्छ खानेपानी उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ, क्रमागत खानेपानी योजनाहरु समयमै सम्पन्न गर्न जोड दिईनेछ ।
- निर्माण कार्य सम्पन्न भएका खानेपानी आयोजनाहरुको मर्मत सम्भार, संरक्षण र रेखदेख गर्ने कार्य सम्बन्धित उपभोक्ता समिति मार्फत नै हुने गरि आयोजना हस्तान्तरण गरिनेछ ।
- परम्परागत पानी पोखरी, ढुंगेधारा र मूल संरक्षण गर्ने कार्यक्रमहरु संचालन गरि भौगोलिक र प्राकृतिक स्वरुपको समेत संरक्षण गरिनेछ ।
- सडक क्षेत्र र सार्वजनिक स्थलमा फोहरमैला बिसर्जन गर्ने तथा छतको पानी सडकमा खसाल्ने र सार्वजनिक खोलामा ढल मिसाउने कार्यलाई निरुत्साहित गरिनेछ ।
- **"हरेक विहान, सफा मेरो आँगन"** भन्ने नाराका साथ टोल सुधार समितिहरुसंग सहकार्य गरि बजार सरसफाई कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ
- प्रमुख बजार क्षेत्रहरुमा ढल निकासको उचित व्यवस्थापन गर्न अन्य निकायको समेत साझेदारी र समन्वयमा कार्यक्रमहरु संचालनको लागि पहल गरिनेछ,
- घर, पसलहरूबाट निस्कने फोहोरमैलाको वर्गिकरण गरी उचित व्यवस्थापन गर्न जनचेतनामूलक सूचनाहरु, होर्डिंगबोर्ड एवं टोलटोलमा डष्टविनको व्यवस्था गरिनेछ,
- नगरपालिकाबाट निर्माण भएका डिप वोरिङहरुको पानीको उपलब्धता तथा दिगोपनको अध्ययन गरिनेछ ।

**<u>युवा लक्षित नीतिः-</u>**

- युवाहरुको प्रतिभा पहिचान गर्दै प्रतिभावान जनशक्ती उत्पादन गर्ने लक्ष्यका साथ "**युवा प्रतिभा प्रवर्धन**"कार्यक्रम संचालन गरिनेछ
- **"स्वावलम्बन अभियान, श्रमको सम्मान"** अभियान संचालन गरि युवाहरु लाई रोजगारका अवसर प्रदान गरिनेछ
- "युवा तथा शैक्षिक बेरोजगार लाई प्राथमिकतामा राखी रोजगार मुलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीलाई प्रोत्साहित गरिनेछ
- धुनिवेशी नगरपालिका क्षेत्र भित्रका यूवा/यूवतीहरूलाइ व्यवसायिक उद्यमी बनाउने गरी **नगर प्रमुख उद्यम विकास कार्यक्रम** संचालन गरिने छ ।
- सार्वजनिक तथा सरकारी क्षेत्रमा रोजगार प्राप्तीका लागि आकर्षित हुने यूवा विद्यार्थी वर्गलाइ लक्षित गरी लोक सेवा तयारी तथा अन्य उत्प्रेरक कक्षाहरू संचालन गरिनेछ ।
- प्रतिभा पलायन (Brain drain) रोक्नको लागि पहल गरिनेछ ।

- प्राविधिक (कृषि/पशु) विषयमा उच्च शिक्षा हाँसिल गर्न चाहने युवाहरूलाइ प्रेत्साहित गरिनेछ ।

**सिचाई सम्बन्धी नीतिः-**

- नगरपालिका क्षेत्र भित्रका सिंचाई प्रणाली व्यवस्थित गर्न बिशेष पहल गरिनेछ
- नगरपालिका क्षेत्र भित्रका सबै कृषियोग्य भुमिमा सिंचाई सुविधा उपलब्ध हुने गरी सिंचाइ सम्बन्धी गुरू योजना तयार गर्ने र भएका सिंचाइ पुर्वाधारहरूको स्तरोन्नती गरिनेछ, सो कार्यका लागि लगत राख्ने कार्य अघि बढाइनेछ
- नदी, खोला, बाढी एवंम जल उत्पन्न प्रकोप नियन्त्रणका लागि स्थानीयको लागत तथा श्रम सहभागितामा नियन्त्रण कार्य अगाडी बढाइनेछ,

**योजना तथा अनुगमन सम्बन्धी नीतिः-**

- योजनाबद्ध विकासको लागि नगरपालिकाले तर्जुमा गरेको आवधिक नगर विकास योजनालाई कार्यान्वयनमा ल्याईनेछ
- आयोजनाको कार्यान्वयन, भुक्तानी प्रकृया र आयोजनाको भौतिक पुर्वाधार निर्माणको गुणस्तर दिगोपनाका लागि उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।
- नगरभित्र कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरु प्रभावकारी एवम् व्यवस्थित रुपमा संचालन गर्न नतिजामुलक अनुगमन (Result Based Monitoring) प्रणालीको अबलम्बन गरि एकिकृत रुपमा अनुगमन गरिनेछ ।
- वडाबाट छनोट भई आएका योजना तथा कार्यक्रमहरुलाई बजेटमा प्राथमिकता दिईनेछ ।
- उपभोक्ता समिति, ठेक्का प्रक्रिया, सिलबन्दी दरभाउ पत्र लगायत जुनसुकै माध्यमबाट कार्यान्वयन गरिने योजनाहरुको अनुगमन अनिवार्य गरिनेछ ।
- आर्थिक वर्षको अन्त्यमा योजनाहरुको सम्झौता हुने परिपाटीको अन्त्यका लागि उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने योजनाहरु प्रथम चौमासिक अवधिभित्र सम्झौता गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउन आवश्यक पहल गरिनेछ ।
- ठेक्का प्रक्रिया मार्फत कार्यान्वयन गरिने योजनाहरुको प्राथमिकता र प्रकृति हेरि आ.व.को शुरु महिनादेखि नै ठेक्का खोल्ने व्यवस्था मिलाईनेछ ।
- "धुनिवेशी नगरपालिका समृद्धिको आधार शिक्षा, स्वास्थ्य, पर्यटन र व्यापार सहितको पूर्वाधार" भन्ने दिर्घकालिन सोचलाई साकार पार्न योजना कार्यक्रमहरुलाई यसै सोच सँग आवद्ध गरिनेछ ।
- जेष्ठ मसान्त भित्र योजना सम्पन्न गरि असारमा नगर सभा र प्रगती समिक्षाको कार्य मात्र गर्ने गरि कार्यक्रम अगाडी बढाईनेछ
- तीनवटै चौमासिक अवधिको कार्ययोजना बनाई सोहि अनुसार योजना कार्यक्रम अगाडी बढाईनेछ ।

## सूचना तथा सञ्चार नीतिः-

- नगर क्षेत्रका सञ्चार माध्यम र सञ्चारकर्मीको साझेदारीमा रेडियो/टेलिभिजन कार्यक्रम सञ्चालन गरिनेछ
- सूचना प्रविधि क्षेत्रको विकासका लागि संलग्न व्यक्ति, संस्थाहरू, शिक्षण संस्थाहरूलाई प्रोत्साहित गर्दै लगिनेछ
- सूचना प्रविधिको प्रयोगमा सूचना सुरक्षा एवम् तथ्याङ्कको गोपनियतालाई सुदृढ गरिनेछ ।
- शैक्षिक संस्थाहरुमा सूचना प्रविधि सम्बन्धी संरचना स्थापनाको लागि सहज वातावरण सृजना गरिनेछ ।

**उद्योग सम्बन्धी नीतिः-**

- नगरवासीहरुका लागि स-साना उद्यम संचालन गरी दैनिक आयआर्जनमा सहयोग पुग्ने गरी गैह्रसरकारी संस्थाहरुको सहकार्यमा लघु उद्यम विकासका कार्यक्रमहरु संचालन गरिने छ ।
- नगरपालिका क्षेत्र भित्र औद्योगिक ग्राम निर्माण प्रारम्भ भएको छ, यस कार्यलाई निरन्तरता दिइने छ ।
- नगर क्षेत्र भित्र संचालित विभिन्न उद्योग कलकारखानाहरुलाई वातावरण मैत्री बनाउन जोड दिईनेछ ।
- नगरपालिका क्षेत्र भित्र रहेका इट्टा उद्योगहरुलाई व्यवस्थित गरि संचालन गर्नमा सहजिकरण गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न उद्योग व्यवसाय तथा होटल व्यवसायमा बालश्रम मुक्त नगरपालिका बनाउन पहल गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र संचालित उद्योग धन्दाहरुलाई प्रोत्साहन गरि स्थानिय स्तरमा रोजगारी श्रृजना गर्नमा जोड दिईने छ ।
- नगर क्षेत्र भित्र संचालित विभिन्न होटल व्यवसायको अभिलेख राखी व्यवसायको सुरक्षाको प्रत्याभुती दिईनेछ
- नगर क्षेत्र भित्र संचालनमा रहेका उद्योगी व्यवसायीहरुमा आपसी समन्वय कायम गरि विकास निर्माणका काममा निजि क्षेत्रलाई उत्साहित गराउने तर्फ पहल गरिनेछ ।
- घरेलु तथा साना उद्योगलाई विशेष प्रथमिकता दिने नीति अनुरुप त्यस्ता उद्योगको प्रर्वधन गर्न उद्यमी व्यवसायीलाई मागका आधारमा नयाँ ज्ञान सिप र प्रविधिमा आधारित तालिम कार्यक्रमहरु संचालन गरिने छ

**पर्यटन, वन तथा वातावरण संरक्षण सम्बन्धी नीतिः-**

- स्वच्छ, सफा र हराभरा नगर निर्माणका लागि "**एक घर पाँच फूल, दुई फलफूल रोपण कार्य**" लाई अभियानकै रुपमा अगाडी बढाइनेछ ।
- पर्यटकीय गन्तव्य स्थलहरुको व्यापक रुपमा प्रचार प्रसार, संरक्षण र सम्वर्धन गरिनेछ ।
- वातावरण संरक्षणका लागि सार्वजनिक पाटी, पौवा, पोखरी तथा चौताराहरुको संरक्षण गरिनेछ ।
- नगरपालिका भित्रका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरुको मर्मत सुधार गरी आकर्षक पर्यटकीय स्थलको रुपमा विकास गरिने छ ।
- बाढी पहिरो, भू-क्षयजस्ता प्रकोपबाट उत्पन्न हुन सक्ने समस्या समाधानका लागि विपद् व्यवस्थापन समितिलाई थप प्रभावकारी बनाइने छ ।
- सङ्घीय सरकार, प्रदेश सरकारसँगको सहकार्यमा नगर क्षेत्रमा होमस्टे प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- नगरका पर्यटकीय स्थलहरूसम्म पुग्नका लागि पर्यटकीय पदमार्ग निर्माणमा जोड दिइनेछ ।
- नगर क्षेत्र भित्र रहेका वन क्षेत्रको संरक्षण र सम्वर्द्धन गरी खुला तथा सार्वजनिक क्षेत्रमा वृक्षारोपण गर्ने र नगर क्षेत्र भित्र पर्ने संघीय तथा प्रादेशिक सडकको दायाँ बायाँ वृक्षारोपण गर्ने कार्यलाई प्राथमिकता दिई हरियाली क्षेत्रको विस्तारमा जोड दिईनेछ ।
- पर्यटकीय स्थलहरुको प्रवर्धन तथा प्रचार प्रसार गरी आन्तरीक पर्यटकहरुलाई आकर्षित गराई आयआर्जनमा वृद्धि गरिने छ ।
- **"वन्यजन्तुको गरौं न संरक्षण, पर्या-पर्यटन र होमस्टे चलाई कमाउँला धन"** भन्ने अभियान चलाईनेछ ।

**विपद् व्यवस्थापन, वारूण यन्त्र, एम्बुलेन्स संचालन सम्बन्धी नीतिः-**

- दमकल स्टेशनको व्यवस्था र निर्माण गरिनेछ ।
- दमकल सेवा चुस्त र स्रोत साधन सम्पन्न बनाईने छ ।

- नगर प्रहरी, दमकल र एम्बुलेन्स सेवालाई एकिकृत गरी आपतकालिन सेवा संचालन केन्द्रका रुपमा विकास गरिनेछ ।
- विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापन कोषमा आवश्यक रकम व्यवस्था गरिनेछ ।
- नगरभित्रका विपद्जन्य जोखिम क्षेत्रको पहिचान, नक्सांकन, पूर्व सूचना प्रणालीको विकास गरी जोखिम न्यूनिकरणका लागि सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- विपद् व्यवस्थापनका लागि उद्धार तथा आवश्यक राहत सामाग्रीको व्यवस्थापन गरिनेछ ।
- वारुण यन्त्र (दमकल) सेवा संचालनलाई २४ सै घण्टा चुस्त र प्रभावकारी बनाईनेछ ।

**फोहरमैला व्यवस्थापन सम्बन्धी नीति ः**

- फोहोरमैला संकलन, पुनःउपयोग एवम् प्रशोधन, विर्सजन, सेवा शुल्क निर्धारण र नियमन गर्ने कार्यलाई व्यवस्थित एवम् प्रभावकारी बनाउन आवश्यक कानूनको निर्माण गरिनेछ ।
- खुल्ला प्रतिष्पर्धा हुने गरी ठेक्का प्रक्रियाको माध्ययमबाट फोहोरमैलाको संकलन तथा व्यवस्थापनको कार्य गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन एवम् बजार सरसफाई कार्यक्रमलाई अभियान कै रुपमा संचालन गरिनेछ ।
- फोहोरलाई मोहोरमा परिणत गर्न जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- सार्वजनिक शौचालय निर्माण एवम् व्यवस्थापनमा ध्यान दिइनेछ ।
- **'स्वच्छ सफा हराभरा नगर, धुनिवेशी नगरवासीको रहर'** भन्ने अभियानलाई सार्थक बनाईनेछ ।

**वित्तीय अनुशासन तथा जवाफदेहिता सम्बन्धी नीतिः-**

- मासिक रुपमा आय व्ययको विवरण तयार गरी सार्वजनिक गरिने छ ।
- वित्तिय जवाफदेहिता, पारदर्शीता र आर्थिक अनुशासन कायम गरी वेरुजु कायम हुन नदिन विशेष सतर्कता अपनाइने छ ।
- नगरपालिकाको आर्थिक दायित्व र प्रभाव समेतलाई विचार गरी खर्चको मापदण्ड अद्यावधिक गरिने छ ।
- सबै प्रकारका सार्वजनिक खरिदलाई प्रतिष्पर्धी, पारदर्शी, मितव्ययी बनाउनको लागि विद्युतिय खरिद प्रणाली (इ-विडिङ) लाई पूर्ण रुपमा लागू गरिने छ ।

**कानून सम्बन्धी नीति**

- न्याय सम्पादनको कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ ।
- नगरपालिकाबाट जारी भएका कानूनहरुलाई आवश्यकता अनुसार संशोधन, परिमार्जन तथा एकिकृत गरिनेछ
- वडा तह सम्म कानूनी परामर्श सेवा एवम् मेलमिलाप केन्द्रको विस्तार गरी कानूनी सेवालाई सर्वसुलभ, सहज र पहुँचयोग्य बनाईनेछ ।

**श्रम तथा रोजगार सम्बन्धी नीति**

- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाइने छ
- धुनिवेशी नगरक्षेत्र भित्र सृजना हुन सक्ने रोजगार सम्बन्धी सूचना संकलन, रोजगारदाताको सूची अध्यावधिक, रोजगारी सम्बन्धी सम्भाब्यताको अध्ययन, विश्लेषण, रोजगारको क्षेत्र तथा अवसरहरुको पहिचान गरी सूचना सम्प्रेषण गरिनेछ ।
- रोजगारमूलक सीप, सहुलियतपूर्ण कर्जा, वित्तिय साक्षरता, उद्यमशीलता, परामर्श सेवा तथा सुविधाहरुको पहिचान गरी एकीकृत अभिलेख राखिनेछ
- महिला उध्यमशिलता सहजीकरण केन्द्रको स्थापना गर्दै सामुहिक उद्यमशिलताको प्रवर्धन गरिनेछ ।
- रोजगार संवाद मञ्च सञ्चालन गरिनेछ । स्थानीय रोजगार रणनीति अध्यावधिक गरी कार्यान्वयन गर्दै लगिनेछ

- सुरक्षित र सीपयुक्त वैदेशिक रोजगार नीति लागु गर्न सहकार्य र सहजीकरण गरिनुका साथै वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाहरुलाई पहुँचयोग्य र प्रभावकारी बनाइने छ ।
- स्थानिय स्तरमा रोजगारी सृजना गर्न सरोकारवाला निकाय, उद्योग प्रतिष्ठान, कल कारखाना, कृषि तथा पशुपन्छी फर्म, सहकारी, बैंक तथा वित्तिय सस्था, सरकारी वा गैरसरकारी निकाय मार्फत सिर्जना हुन सक्ने रोजगार सम्बन्धी सूचनाको आङ्कलन गरि रोजगारदाताको सूचि अध्यावधिक गरिने, साथै रोजगारको सम्भाव्यताको विश्लेषण गरी रोजगारको क्षेत्र तथा अवसरहरुको नक्साङ्कन र अभिलेखाङ्कन गरिदै लगिनेछ ।
- श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजनिक पुर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग क्षेत्रमा रोजगारी सृजना गरिनेछ । नगरपालिकामा संचालित संघ, प्रदेश र स्थानिय तहका योजनामा आवश्यक श्रमिक उपलब्ध भए सम्म रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिबाट नै लगाईने व्यवस्था गरिनेछ ।
- बेरोजगारहरुको ज्ञान, सिप, योग्यता, अनुभव र बजारको मागका आधारमा आवश्यक पर्ने सिप बिकास तालिमको पहिचान गरि सम्बन्धित तालिम केन्द्रमा सिफारिस गरिनेछ ।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिको कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वन गरिनेछ ।
- वैदेशिक रोजगारबाट फर्किएका नागरिकलाई उनीहरुले वैदेशिक रोजगारबाट प्राप्त गरेको ज्ञान, सीप,पूँजी र प्रविधिलाई उनीहरुको हित वा राष्ट्रको हितमा प्रयोग गर्ने वा उनीहरुलाई आर्थिक,सामाजिक र पारिवारिक रुपमा पुर्नमिलन वा पुनःस्थापना वा एकिकरण गर्ने कार्यलाई आवश्यक प्रकृयागत रुपमा अगाडि बढाइनेछ ।
- वैदेशिक रोजगारीलाइ विप्रेषणको भरपर्दो माध्यमको रुपमा स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमुलक कार्यक्रमहरू सञ्चालनमा जोड दिइनेछ ।
- बैदेशिक रोजगारीमा जानेहरू र तिनका परिवार लक्षित गरी बैदेशिक रोजगारीलाई मर्यादित, व्यवस्थित र गुणस्तरिय बनाउन सूचना तथा परामर्श सेवा, दिइनेछ ।
- मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षारता कक्षा संचालन र रिटर्नी स्वयंसेवक परिचालन तथा बैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई उद्यमशिलता बनाउन प्रोत्साहन गरिनेछ

**नगरसभाका उपाध्यक्ष एवम् नगरसभा सदस्यज्यूहरू,**

***अन्त्यमा,***

धुनिवेशी नगरपालिकाले अवलम्वन गरेका नीति, अघि सारेका योजना तथा कार्यक्रम कार्यान्वयनमा हामी सबैको सामुहिक प्रतिवद्धता र क्रियाशिलताको अपेक्षा गर्दै नीति तथा कार्यक्रम तयार गर्न सहयोग पुऱ्याउनुहुने जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवाला सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद !**

**नगर प्रमुख**
**बालकृष्ण आचार्य**
**१० आषाढ, २०८२**